# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण प्रतिवेदन, २०८२

अन्तिम प्रतिवेदन




## सरूमारानी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

बङ्गाँडा, प्युठान

लुम्बिनी प्रदेश, नेपाल

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण

## (आर्थिक वर्ष २०८१/०८२)

**सर्वाधिकार एवं प्रकाशक:**

सरूमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वड्डाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
Email: info@sarumaranimun.gov.np
Website: https://sarumaranimun.gov.np
Phone: +977-9857836022 (Office)

**तयार पारिएको वर्ष : २०८३ साल**

**प्राविधिक सहयोग**

मन्त्र कन्सल्टेन्सी प्रा.लि.
नागार्जुन-६, काठमाडौं

# सरूमारानी गाउँपा लका
# गाउँ कार्यपा लकाको कार्यालय
## बङ्गाडा, प्यूठान
## लुम्बिनी, प्रदेश

## धन्यवाद ज्ञापन

यस गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) परीक्षण सफलतापूर्वक सम्पन्न भएकोमा म अत्यन्तै हर्षित छु। नेपालको संविधानले प्रत्याभूत गरेको समानताको हक, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का कानूनी प्रावधानहरू तथा राष्ट्रिय समावेशीकरण नीतिहरूलाई व्यवहारमा उतार्न यो परीक्षण एक महत्त्वपूर्ण कोसेढुङ्गा साबित भएको छ। हाम्रो नीति, कार्यक्रम, बजेट र सेवा प्रवाहलाई अझ बढी समतामूलक, अपाङ्गतामैत्री, र सीमान्तकृत समुदायको पहुँचयोग्य बनाउन यस कानूनी एवं प्रक्रियागत परीक्षणले स्पष्ट मार्गचित्र प्रदान गरेको छ।

यो गरिमामय कार्यलाई सफलतापूर्वक सम्पन्न गर्न अहोरात्र खटिनुहुने गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरू तथा कर्मचारी मित्रहरूमा म हार्दिक कृतज्ञता व्यक्त गर्दछु। यहाँहरूले आफ्नो कार्यव्यस्तताका बावजुद परीक्षण प्रक्रियामा सक्रियतापूर्वक सहभागी भई वस्तुनिष्ठ सूचना, तथ्याङ्क र रचनात्मक सुझाव प्रदान गरेर देखाउनुभएको व्यावसायिकता र प्रतिबद्धता प्रशंसनीय छ। प्रशासनिक र नीतिगत तहमा लैङ्गिक र सामाजिक समावेशीकरणलाई संस्थागत गर्न यहाँहरूले खेल्नुभएको भूमिकाले गाउँपालिकाको सुशासनलाई थप मजबुत बनाएको छ।

यसैगरी, यस सम्पूर्ण परीक्षण कार्यलाई प्राविधिक रूपमा अत्यन्तै कुशल, निष्पक्ष र वैज्ञानिक ढङ्गले सम्पन्न गरिदिने परामर्शदाता संस्था मन्त्र कन्सल्टेन्सी प्रा.लि. परिवारप्रति गाउँपालिकाको तर्फबाट विशेष धन्यवाद एवं आभार प्रकट गर्दछु। आगामी दिनमा पनि यस्तै व्यावसायिक सहकार्यको अपेक्षा गर्दै यस कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्णमा पुनः हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

झगबहादुर विश्वकर्मा
अध्यक्ष

सरूमारानी गाउँपा लका
गाउँ कार्यपा लकाको कार्यालय
बङ्गाडा, प्यूठान
लुम्बिनी, प्रदेश

## मन्तव्य

गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) परीक्षण कार्य सफलतापूर्वक सम्पन्न भई प्रतिवेदन तयार भएकोमा उपाध्यक्ष एवं न्याय समितिको संयोजकको हैसियतले म अत्यन्तै गौरवान्वित महसूस गरिरहेकी छु। नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र लक्षित वर्गको उत्थानका लागि बनेका कानूनी प्रावधानहरूको भावना अनुरूप गाउँपालिकाका हरेक गतिविधिमा न्यायोचित सहभागिता सुनिश्चित गर्न यो परीक्षण अपरिहार्य थियो। हाम्रो योजना तर्जुमा, बजेट विनियोजन र न्याय सम्पादनका प्रक्रियाहरू कति समावेशी र लैङ्गिकमैत्री छन् भनी आत्मसमीक्षा गर्न र आगामी दिनमा सुधारात्मक कदम चाल्न यस परीक्षणले महत्त्वपूर्ण दिशाबोध गरेको छ।

यो बृहत् कार्यलाई सफल बनाउन अहोरात्र खटिनुहुने हाम्रा सम्पूर्ण आदरणीय जनप्रतिनिधिहरू र कर्मचारी मित्रहरूमा म हार्दिक धन्यवाद एवं आभार व्यक्त गर्दछु। परीक्षणका क्रममा यहाँहरूले देखाउनुभएको सक्रिय सहभागिता, खुला छलफल र वस्तुनिष्ठ सूचना आदानप्रदानले नै यो प्रतिवेदनलाई यथार्थपरक बनाउन सम्भव भएको हो। साथै, यस परीक्षण कार्यलाई अत्यन्तै व्यवस्थित, वैज्ञानिक र व्यावसायिक ढङ्गले सम्पन्न गरी वस्तुनिष्ठ प्रतिवेदन तयार पारिदिने परामर्शदाता संस्था मन्त्र कन्सल्टेन्सी प्रा.लि. प्रति म विशेष धन्यवाद ज्ञापन गर्दछु। यस कार्यमा प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्णमा पुनः हार्दिक धन्यवाद प्रकट गर्दछु।

बसन्ता खड्का
उपाध्यक्ष

# सरूमारानी गाउँपा लका
# गाउँ कार्यपा लकाको कार्यालय
# बङ्गाडा, प्यूठान
# लुम्बिनी, प्रदेश

## शुभकामना मन्तव्य

सरूमारानी गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) परीक्षण कार्य सफलतापूर्वक सम्पन्न भई यो महत्वपूर्ण प्रतिवेदन प्रकाशन हुन लागेकोमा प्रमुख प्रशासकीय अधिकृतको हैसियतले म हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु। नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र राष्ट्रिय समावेशीकरणका कानूनी प्रावधानहरूलाई प्रशासनिक संयन्त्रमा पूर्ण रूपमा लागू गर्न यो परीक्षण एक कोशेढुङ्गा साबित भएको छ। यसले गाउँपालिकाको प्रशासनिक कार्यशैली, विकास योजना, बजेट तर्जुमा र सेवा प्रवाहलाई अझ बढी पारदर्शी, जवाफदेही, लैङ्गिकमैत्री र समतामूलक बनाउन स्पष्ट मार्गदर्शन प्रदान गरेको छ।

यो परीक्षण कार्यलाई नतिजामुखी बनाउन नीतिगत नेतृत्व र अमूल्य मार्गदर्शन प्रदान गर्नुहुने आदरणीय गाउँपालिका अध्यक्ष, उपाध्यक्ष लगायत सम्पूर्ण जनप्रतिनिधिज्यूहरूमा म हार्दिक कृतज्ञता व्यक्त गर्दछु। साथै, कार्यक्षेत्रमा खटिएर वस्तुनिष्ठ सूचना, तथ्याङ्क र व्यावहारिक सुझावहरू उपलब्ध गराई प्रशासनिक चुस्तता प्रदर्शन गर्नुहुने गाउँपालिकाका सम्पूर्ण कर्मचारी मित्रहरू धन्यवादका पात्र हुनुहुन्छ। यहाँहरू सबैको सामूहिक प्रयास र जिम्मेवारीबोधका कारण नै यो परीक्षण प्रक्रिया प्रशासनिक रूपमा सफलतापूर्वक सम्पन्न हुन सकेको हो।

यसैगरी, आफ्नो प्राविधिक विज्ञता, गहिरो अध्ययन र व्यावसायिकताका साथ यस परीक्षण कार्यलाई निष्पक्ष र वैज्ञानिक ढङ्गले सम्पन्न गरिदिने परामर्शदाता संस्था मन्त्र कन्सल्टेन्सी प्रा.लि. प्रति विशेष धन्यवाद ज्ञापन गर्दछु। कन्सल्टेन्सीले औंल्याएका अमूल्य निष्कर्ष र सिफारिसहरूलाई गाउँपालिकाको प्रशासनिक सञ्चालन र वार्षिक नीति तथा कार्यक्रमहरूमा क्रमशः समावेश गर्दै लगिने प्रतिबद्धता व्यक्त गर्दछु।

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

# विषयसूचि

## परिच्छेद १

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणको परिचय


१.१. पृष्ठभूमि........................................................................................१

१.२. गाउँपालिकाको विस्तृत तथा पार्श्व परिचय.........................................................२

१.३. लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको उद्देश्य.................................... ४

१.४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको औचित्य.....................................५

१.५. लै.स.सा.स परीक्षणमा विश्लेषण गरिएको मुख्य विषय तथा सहायक विषयहरू ..........................६

१.६. लैं.स.सा.स. परीक्षण अबधिमा अवलम्बन गरिएका बिधि तथा तरीकाहरू ...............................७

१.७. लैङ्गिक परीक्षणका सहभागीहरू :.....................................................................९

१.८. लै.स.सा.स. परिक्षणका औजारहरू :.................................................................९


## परिच्छेद २

## तथ्याङ्क प्रस्तुतिकरण


२.१. सरूमारानी गाउँपालिकामा हालसम्म जारी भएका नीति, ऐन, नियमावली, कार्यविधिहरू...............................१०

२.२. सरूमारानी गाउँपालिकामा विद्यमान जातजातिको अवस्था.................................................१०

२.२. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको नतिजा.......................................१२

२.२.१ लै.स.सा.स. परिक्षण नतिजा माकुरी जालोमा ...........................................................१२

२.२.२. लै.स.सा.स. परीक्षण नतिजा बारचार्टमा.................................................................१३

२.२.३. नीति, कानून, योजना क्षेत्रको अवस्था...................................................................१४

२.२.४. संस्थागत व्यवस्था क्षेत्रको अवस्था .....................................................................१५

२.२.५. मानव संसाधन तथा क्षमता विकास क्षेत्रको अवस्था .................................................१६

२.२.६. सेवा प्रवाह क्षेत्रको अवस्था ..............................................................................१७

२.२.६. सुशासन तथा उत्तरदायित्व क्षेत्रको अवस्था...........................................................१८

२.२.७. मुल तथा सहायक बिषयहरूको विस्तृत विवरण........................................................१९

२.२.८. लै.स.सा.स. परीक्षणको विगतका वर्षको नतिजासँगको तुलनात्मक विवरण ...................................... २०

२.२.९. सूचक सहितको परीक्षण नतिजाको विस्तृत विवरण.......... २१
२.२.१०. सरूमारानी गाउँपालिकाको लै.स.सा.स. सवल, सुधार गर्नु पर्ने पक्ष, अवसर र चुनौतिहरू.......... ३७

**परिच्छेद ३**

**लै.स.सा.स. परीक्षणबाट प्राप्त प्रमुख तथ्यहरूको विश्लेषण**

२.१. लैससास क्षेत्रमा अवलम्बन गरिएका असल अभ्यासहरू.......... ३९
३.२. परीक्षणका मुल विषय तथा सहायक विषमा प्राप्त नजिजाको विस्तृत विश्लेषण.......... ४०
३.२.१. नीति, कानून, योजना.......... ४१
३.२.२. संस्थागत व्यवस्था.......... ४१
३.२.३. मानव संसाधन तथा क्षमता विकास.......... ४२
३.२.४. सेवा प्रवाह.......... ४४
३.२.५. सुशासन तथा उत्तरदायित्व.......... ४५

**परिच्छेद ४**

**निष्कर्ष तथा सुझावहरू**

४.१. निष्कर्ष.......... ४७
२.२. सुझावहरू.......... ४७
**अनुसूचिहरू.......... ५०**
१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यन्वय वार्षिक कार्ययोजना.......... ५०
३. लै.स.सा.स. कार्यशाला गोष्ठीका सहभागीहरूको उपस्थिति.......... ९७
४. लै.स.सा.स. कार्यशाला गोष्ठीका झलकहरू.......... ९८

# परिच्छेद १

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणको परिचय

### १.१. पृष्ठभूमि

नेपालको संविधान (२०७२) को प्रस्तावनामै लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्ने दृढ संकल्प गरिएको छ। संविधानको भाग ३ मा उल्लेखित मौलिक हक अन्तर्गत विभिन्न धाराहरू मार्फत यस अधिकारलाई पूर्ण रूपमा प्रत्याभूत गरिएको छ। जसअनुसार धारा १८ मा समानताको हक, धारा २४ मा छुवाछूत तथा भेदभाव विरुद्धको हक, र धारा २९ मा शोषण विरुद्धको हकको व्यवस्था छ। यसैगरी, धारा ३८ मा महिलाको हक, धारा ३९ मा बालबालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा ज्येष्ठ नागरिकको हक र धारा ४२ मा सामाजिक न्यायको हकको सुनिश्चितता गर्दै राज्यका प्रत्येक निकायमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको जग बसालिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रस्तावनामा नै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी विशेष कानुनी व्यवस्था उल्लेख गरिएको छ। यस ऐनको दफा २४ को उपदफा (२) बमोजिम स्थानीय तहले योजना तर्जुमा गर्दा सङ्घीय र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरणमैत्री, बालबालिका, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन जस्ता अन्तरसम्बन्धित विषयहरूसँगै 'लैससास' लाई अनिवार्य ध्यान दिनुपर्ने व्यवस्था छ। सोही दफाको उपदफा (३) ले स्थानीय तहले आफ्ना योजना तथा कार्यक्रमहरू तय गर्दा महिला, बालबालिका, पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने एवं लैससास अभिवृद्धि हुने खालका आयोजनाहरूलाई प्राथमिकीकरण गर्न मार्गनिर्देश गरेको छ। साथै, उक्त ऐनले गाउँपालिका र नगरपालिकाको मुख्य काम, कर्तव्य तथा अधिकार क्षेत्रभित्र लैससास प्रवर्द्धन गर्ने विषयलाई स्पष्ट रूपमा समेटेको छ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षण भन्नाले कुनै पनि निकायमा लैङ्गिक समानता र सामाजिक समावेशीताको विद्यमान अवस्थाको विस्तृत विश्लेषण वा लेखाजोखा गर्ने कार्यलाई बुझाउँछ। यस परीक्षणले सरकारी निकाय वा अन्य सङ्घसंस्थाको नीति, योजना, कार्यक्रम र बजेट विनियोजनका साथै कार्यान्वयन प्रक्रियामा सबै वर्ग, समुदाय, जातजाति र क्षेत्रका महिला तथा पुरुषको सन्तुलित अवसर एवं न्यायोचित लाभ सुनिश्चित गर्न ठोस मार्गदर्शन गर्दछ। लैससास परीक्षण केवल महिला र पुरुषका लागि छुट्टाछुट्टै बजेट विनियोजन भए/नभएको सीमाभित्र मात्र सीमित रहँदैन; यसले त संस्थाको नीति तथा कानुन निर्माण प्रक्रिया, लैङ्गिक उत्तरदायी

बजेट एवं कार्यक्रम तर्जुमा, र स्रोत-साधनको बाँडफाँड तथा परिचालनमा लैङ्गिक र सामाजिक संवेदनशीलताको पूर्ण अवलम्बन भए/नभएको समेत गम्भीरतापूर्वक लेखाजोखा गर्दछ। समग्रमा, यसले सङ्घ, प्रदेश र स्थानीय तहका साथै जुनसुकै सरकारी वा सामाजिक सङ्घसंस्थाको नीति निर्माण, संस्थागत व्यवस्था, सेवा प्रवाह, मानव संसाधन विकास र सुशासनको क्षेत्रमा लैङ्गिक तथा सामाजिक सन्तुलनको वास्तविक अवस्थाको मूल्याङ्कन गर्ने गर्दछ।

सरुमारानी गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षण गर्ने क्रममा राष्ट्रिय कानुनी दस्तावेज, स्थानीय नीति र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई मुख्य आधार मानिएको छ। यस अन्तर्गत नेपालको संविधान (२०७२), पन्ध्रौं योजना, राष्ट्रिय कार्ययोजना, स्थानीय सरकार सञ्चालन ऐन (२०७४) तथा नियमावली, र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन (२०७८) लाई प्रमुख मार्गदर्शक आधारका रूपमा लिइएको छ। यसका साथै, सरुमारानी गाउँपालिका आफैंले निर्माण गरेका विभिन्न कानुन, नीति तथा कार्यविधि, आवधिक योजना, वार्षिक योजना तथा बजेट, वार्षिक प्रगति प्रतिवेदन र कार्यपालिकाको निर्णय पुस्तिकाहरूलाई समेत यस परीक्षणको आधार बनाइएको छ। यी राष्ट्रिय र स्थानीय नीतिगत व्यवस्थाहरूका अलावा, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि (CEDAW, १९७९), दिगो विकास लक्ष्य (SDG, २०३०), बेइजिङ कार्ययोजना, तथा संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषदबाट पारित प्रस्ताव नं. १३२५ र १८२० लगायतका महत्त्वपूर्ण अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई गाउँपालिकाले कसरी अपनत्व ग्रहण गरी स्थानीयकरण गरेको छ भन्ने बारेमा समेत विस्तृत रूपमा लेखाजोखा गरिएको छ।

## १.२. गाउँपालिकाको विस्तृत तथा पार्श्व परिचय

### १.२.१. भौगोलिक अवस्थिति तथा सिमाना

सरुमारानी गाउँपालिका प्युठान जिल्लाका ९ वटा स्थानीय तहहरूमध्ये रणनीतिक र भौगोलिक रूपमा महत्त्वपूर्ण स्थानीय तह हो। यो गाउँपालिका प्युठान जिल्लाको प्रवेशद्वारका साथै नेपालकै प्रसिद्ध धार्मिक तीर्थस्थल स्वर्गद्वारीको मुख्य प्रवेश विन्दु (Trunk Point) मा अवस्थित छ। पूर्व-पश्चिम राजमार्गबाट यसको सीमा मात्र ८ किलोमिटरको दूरीमा सुरु हुन्छ भने जिल्ला सदरमुकाम खलङ्गादेखि यो क्षेत्र दक्षिण-पश्चिम दिशामा करिब १७ कोषको दूरीमा अवस्थित छ।

यस गाउँपालिकाको कुल क्षेत्रफल २१५७.९७ वर्ग किलोमिटर रहेको छ र यो समुद्री सतहबाट ८६० मिटरदेखि २८०० मिटरसम्मको विविधतापूर्ण उचाइमा फैलिएको छ। यसको चारकिल्ला सिमाना देहाय बमोजिम रहेको छः

**पूर्वः** ऐरावती गाउँपालिका (प्युठान) र अर्घाखाँची जिल्लाको शीतगङ्गा नगरपालिका
**पश्चिमः** दाङ जिल्लाको बङ्गलाचुली गाउँपालिका
**उत्तरः** ऐरावती गाउँपालिका र माण्डवी गाउँपालिका
**दक्षिणः** दाङ जिल्लाको राप्ती गाउँपालिका र अर्घाखाँची जिल्लाको शीतगङ्गा नगरपालिका

### १.२.२. प्रशासनिक विभाजन तथा पूर्वाधारको अवस्था

राज्यको पुनर्संरचनाका क्रममा साविकका बाङ्गेशाल, ढङ्गेगढी, र हंसपुर गरी ३ वटा गाउँ विकास समिति (गाविस) हरू, साविक तिराम गाविसका २ वटा वडा र साविक धुवाङ गाविसका २ वटा वडाहरूलाई समायोजन गरी यो गाउँपालिका स्थापना गरिएको हो। हाल यो गाउँपालिका प्रशासनिक रूपमा ६ वटा वडाहरूमा विभाजित छ। पूर्वाधार विकासको दृष्टिकोणले यस गाउँपालिकाभित्र सकारात्मक प्रयासहरू भएका छन्, जसअन्तर्गत हाल पालिकाका सबै वडाहरूमा सडक सञ्जालको विस्तार भई यातायातको पहुँच पुगेको छ।

### १.२.३. जनसाङ्ख्यिक तथा सामाजिक अवस्था

राष्ट्रिय जनगणना २०७८ (वि.सं. २०७८) को आधिकारिक तथ्याङ्क अनुसार सरुमारानी गाउँपालिकाको जनसाङ्ख्यिक अवस्था निम्न बमोजिम रहेको छः

जम्मा परिवार संख्याः ४,४५३
कुल जनसंख्याः १९,७८३
महिला जनसंख्याः १०,९५१ (५५.३६ प्रतिशत)
पुरुष जनसंख्याः ८,८३२ (४४.६४ प्रतिशत)

समग्र साक्षरता ७९.१५ प्रतिशत रहेको छ, जसमा महिला साक्षरता ७३ प्रतिशत र पुरुष साक्षरता ८६.९८ प्रतिशत रहेको देखिन्छ।

जातीय तथा सांस्कृतिक बनोटका हिसाबले यस गाउँपालिकामा मगर जातिको बाहुल्यता रहेको छ। यसका साथै ब्राह्मण, क्षेत्री, मुस्लिम, दलित, संन्यासी तथा अन्य जनजातिहरूको समेत यहाँ समिश्रित र सौहार्दपूर्ण बसोबास छ। धार्मिक रूपमा यहाँ हिन्दू, इस्लाम र क्रिश्चियन धर्म मान्ने समुदायहरू छन्। मगर जातिको बाहुल्यता रहे तापनि यहाँ सञ्चार र साझा भाषाका रूपमा मुख्यतः नेपाली भाषाकै प्रयोग गरिन्छ। यहाँका बासिन्दाहरूले बडादशैं, तिहार, ईद, जनैपूर्णिमा र बुद्ध जयन्ती जस्ता चाडपर्वहरू हर्षोल्लासका साथ मनाउने गर्दछन्। स्थानीय संस्कृतिमा पञ्चेबाजा, सोरठी नाच र परम्परागत भेषभूषाको विशिष्ट पहिचान र प्रचलन अद्यापि कायम छ।

### १.२.४. जलस्रोत, पर्यटन तथा प्राकृतिक सम्पदा

प्राकृतिक तथा धार्मिक पर्यटनका दृष्टिकोणले यो गाउँपालिका अत्यन्तै समृद्ध छ। प्रसिद्ध धार्मिक गन्तव्य स्वर्गद्वारी जाने मुख्य नाका हुनुका साथै मोक्ष प्राप्तिका लागि पवित्र मानिने ऐरावती (राप्ती) नदीको किनारा यसै गाउँपालिकासँग जोडिएको छ। जलस्रोतको क्षेत्रमा राष्ट्रिय गौरव र बहुअपेक्षित आयोजनाको रूपमा रहेको नौमुरे बहुउद्देश्यीय जलविद्युत आयोजनाको सुरुवात यसै क्षेत्रबाट हुन गइरहेको हुनाले यसलाई यहाँका बासिन्दाको आर्थिक-सामाजिक रूपान्तरणको मुख्य आधार (Game Changer Project) का रूपमा हेरिएको छ। यसका अतिरिक्त पालिका क्षेत्रभित्र रहेका सघन वनजङ्गल, प्राकृतिक खोलानाला र रमणीय पहाडी भूभागले पर्या-पर्यटन (Eco-tourism) को प्रचुर सम्भावनालाई उजागर गर्दछन्।

### १.२.५. आर्थिक तथा जीविकोपार्जनको अवस्था

सरुमारानी गाउँपालिकाको मुख्य आर्थिक मेरुदण्ड कृषि र पशुपालन नै हो। यहाँका बहुसंख्यक नागरिकहरू कृषि पेसामा आबद्ध छन्। खाद्यान्न बालीतर्फ यहाँ धान, मकै र गहुँको व्यावसायिक उत्पादन हुने गर्दछ। विशेषगरी नगदे बालीतर्फ तोरी, अदुवा, बेसार (हलेदो) र प्राकृतिक मह उत्पादनको क्षेत्रमा यो गाउँपालिका विशिष्टीकृत बन्दै गएको छ। पालिकाले आफूलाई अदुवा र मह उत्पादनको 'पकेट क्षेत्र' (Pocket Area) का रूपमा स्थापित र पहिचान गराउन विशेष नीति तथा कार्यक्रमहरू अघि बढाएको छ।

कृषि बाहेक यहाँका नागरिकहरूको अन्य आर्थिक गतिविधिहरूमा व्यापार-व्यवसाय, सरकारी तथा निजी क्षेत्रको रोजगारी, र निर्माण क्षेत्रमा ज्यालामजदुरी गर्ने कार्यहरू पर्दछन्। यद्यपि, पालिकाको एकीकृत र यकिन तथ्याङ्क नभए तापनि मौसमी रोजगारीका लागि छिमेकी मुलुक भारत जाने र पछिल्लो समयमा वैदेशिक रोजगारी (खाडी मुलुक तथा अन्य देशहरू) मा जाने युवाहरूको संख्या क्रमशः बढ्दो क्रममा छ, जसले गर्दा स्थानीय अर्थतन्त्रमा विप्रेषण (Remittance) को हिस्सा समेत महत्त्वपूर्ण बन्दै गएको देखिन्छ।

## १.३. लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको उद्देश्य

**मुख्य उद्देश्य :**

लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को अभ्यास तथा प्रयोगलाई सरलीकृत रूपमा स्थानीयकरण गरी गाउँपालिकाले गर्ने सम्पूर्ण विकास योजना, नीति तथा कार्यक्रमलाई लैससास उत्तरदायी बनाउनका लागि आर्थिक स्रोतको सुनिश्चितता, उपलब्धिको समतामूलक वितरण र उपयोगी बनाउने।

**अन्य उद्देश्यहरू :**

**क)** लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मार्फत गाउँपालिकाको संस्थागत संरचना र कार्यक्रमहरूमा महिला र सीमान्तकृत समूहहरूलाई समावेश गरी लैंगिक समानता र सबै जातजातिको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै लैंगिक अन्तरहरूको प्रभावलाई सम्बोधन गर्दै लैंगिक मूलप्रवाहीकरण र सशक्तीकरण गर्दै लैजाने।

**ख)** महिला र सीमान्तकृत समूहहरूलाई समावेश गरी उनीहरूको योजनाबद्ध रूपमा व्यक्तिगत र सामूहिक क्षमता अभिवृद्धि मार्फत आर्थिक तथा सामाजिक सशक्तीकरण गरी गाउँपालिकाको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।

**ग)** गाउँपालिकाको योजना र आयोजनाहरू निर्माणको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने।

## १.४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको औचित्य

सरूमारानी गाउँपालिकाको सन्दर्भमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) परीक्षण गर्नु एक महत्त्वपूर्ण कानूनी र व्यावहारिक कदम हो। नेपालको संविधानले प्रत्याभूत गरेको समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तलाई स्थानीय तहमा कार्यान्वयन गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा सकारात्मक विभेद सम्बन्धी राष्ट्रिय नीतिहरूले स्थानीय तहका हरेक योजना र कार्यक्रममा सीमान्तकृत समुदायको पहुँच सुनिश्चित गर्न निर्देश गरेका छन्। सरूमारानी गाउँपालिकाले आफ्नो नीति, बजेट, योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा आर्थिक-सामाजिक रूपमा पछाडि पारिएका वर्गलाई कत्तिको समेट्न सक्यो भनी स्व-मूल्याङ्कन गर्न यो परीक्षण कानूनी रूपमै अनिवार्य र मार्गदर्शक बनेको छ।

यस परीक्षणको मुख्य महत्त्व गाउँपालिकाभित्र विद्यमान स्रोत, साधन र अवसरहरूको समानुपातिक वितरणलाई सुनिश्चित गर्नुमा रहेको छ। विकासका फलहरू समाजका टाठाबाठा वा सीमित वर्गमा मात्रै रोकिनु हुँदैन भन्ने मान्यतालाई स्थापित गर्दै यसले गाउँपालिकाका हरेक गतिविधिमा लक्षित वर्गको अर्थपूर्ण सहभागिता र अपनत्व बढाउँछ। लैंगिक संवेदनशील बजेट निर्माण, समावेशी योजना तर्जुमा र सेवा प्रवाहमा देखिएका ग्याप वा कमीकमजोरीहरू पहिचान गरी आगामी दिनमा सुधारका रणनीति तय गर्न यसले मद्दत गर्दछ, जसले गर्दा गाउँपालिकाको समग्र विकास प्रकृया सामाजिक रूपमा न्यायपूर्ण र दिगो बन्न पुग्दछ।

सरूमारानी गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्नुको औचित्य समाजको जगैदेखि असमानता र विभेदको अन्त्य गरी सुशासन प्रवर्द्धन गर्नु हो। यस परीक्षणले गाउँपालिकालाई केवल कागजी योजनामा मात्र सीमित नभई व्यवहारमै लक्षित वर्गको जीवनस्तरमा आएको परिवर्तनको मापन गर्ने बलियो आधार प्रदान गर्दछ। सेवा प्रवाहलाई जनमुखी, पारदर्शी र जवाफदेही बनाउँदै स्थानीय सरकार सबै नागरिकको साझा र अभिभावकीय संस्था हो भन्ने अनुभूति गराउन तथा दिगो विकासका लक्ष्यहरूलाई स्थानीयकरण गर्न यो परीक्षणको अपरिहार्य औचित्य रहेको छ।

## १.५. लै.स.सा.स परीक्षणमा विश्लेषण गरिएको मुख्य विषय तथा सहायक विषयहरू

सरूमारानी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा निम्न बमोजिमका मुख्य विषय तथा सहायक विषयहरूको समेटिएको थियो ।

| **मुख्य विषयहरू** | **सहायक विषयहरू** |
|---|---|
| नीति, कानुन र योजना | नीति र कानुनमा समाबेशीता र सहभागिता |
| | योजना तर्जुमा तथा कार्यान्वयन |
| | बजेट तर्जुमा तथा कार्यान्वयन |
| संस्थागत ब्यवस्था | कर्मचारी पदाधिकारी प्रतिनिधित्व |
| | कार्य प्रणाली समाबेशीता |
| | समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व |
| | बित्त ब्यवस्थापन प्रणालीमा समाबेशीता |
| | तथ्यांक संकलन तथा ब्यवस्थापन |
| मानव शंसाधन तथा क्षमता बिकास | मानव शंसाधन तथा क्षमता बिकास |
| | अनौपचारिक मुल्य, मान्यता र कुसंस्कार बिरुद्ध जनचेतना |
| | कानुनी साक्षरता |
| | बिपद ब्यवस्थापनमा समाबेशीता |
| सेवा प्रवाह | पूर्वाधार बिकास |
| | प्रजनन स्वास्थ्य |
| | शिक्षा कार्यक्रम |
| | खानेपानी तथा सरसफाई |
| | स्वरोजगार तथा आयआर्जन र बजार ब्यवस्थापन |
| सुशासन तथा उत्तरदायित्व | सुशासन |
| | उत्तरदायित्व र जवाफदेहिता |

| | |
|---|---|
| | सुचना तथा संचार |
| | अनुगमन तथा मूल्यांकन |
| | समन्वय र सम्बन्ध बिस्तार |

## १.६. लैं.स.सा.स. परीक्षण अबधिमा अवलम्बन गरिएका बिधि तथा तरीकाहरू

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन २०७८ मा उल्लेख भए अनुसार सरुमारानी गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण क्रममा ३ वटा चरणहरू अवलम्बन गरिएको छ।

**क) तयारी चरण :**

**१. सम्पर्क समन्वय**

लै.स.सा.स. परिक्षण तयारी चरणमा सरुमारानी गाउँपालिकाको लै.स.सा.स. परिक्षणका लागि महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख र प्रशासन शाखा प्रमुखबाट लैससास क्षेत्रमा कार्य गर्ने सम्बन्धीत बिषय बिज्ञसंग समन्वय गरी लैससास परिक्षण कार्यशालाका लागि सहजकर्ता छनौट गरिएको थियो। गाउँपालिकाको वार्षिक कार्ययोजना अनुसार लैससास परिक्षणका लागि सम्बन्धीत सहजकर्ता र गाउँपालिका बिच द्विपक्षीय सहमति भई कार्यशाला सम्पन्न गरिएको थियो।

महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाबाट गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतसँगको सहमतिमा लैससास परिक्षण कार्यशालाको मिति, स्थान र समय ब्यवस्थापन गरी कार्यक्रममा उपस्थितिका लागि गाउँ कार्यपालिका सदस्य, बिषयगत शाखा प्रमुख लगायत अन्य सम्बन्धित सरोकारवाला सहभागिहरूको सुनिश्चित गरी आमन्त्रण गरिएको थियो।

**२. प्रारम्भिक सूचना संकलन**

गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत, प्रसाशन शाखा र महिला बालबालिका तथा जेष्ठ नागरिक शाखासँग छलफल गरि लैससास परिक्षण कार्यक्रममा आवश्यक पर्ने सहयोगी दस्तावेजहरू संकलन गरिएको थियो। लैंगिक समानता र सामाजिक समावेशीकरण परिक्षण क्रममा पुष्ट्याइका लागि आवश्यक पर्ने स्थानीय नीति तथा ऐन संग्रह, बार्षिक योजना तथा बजेट बिनियोजन अभ्यास, आबधीक योजना, वार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, चौमासिक/वार्षिक समिक्षा, विकास बुलेटिन, प्रोफाइल, निर्णय प्रतिलिपि र अन्य सम्बन्धीत दस्तावेजहरू संकलन गरी अध्ययन गरिएको थियो।

**(ख) कार्यान्वयन चरण**

**१. लैससास परीक्षण कार्यशाला सञ्चालन**

लैससास परीक्षण सम्पन्न गर्न कार्यपालिका र विषयगत शाखाहरूको सहभागितामा गाउँपालिकासँग भएको सम्झौता बमोजिम तोकिएको मिति र समयमा परीक्षण कार्यशाला सम्पन्न गरिएको छ। उक्त कार्यशालामा लैससास परीक्षणको अवधारणा, विधि तथा प्रक्रियाबारे अभिमुखीकरण गरिएपश्चात् मुख्य सूचक, सहायक सूचक र हरेक प्रश्नहरूमा समूह अभ्यास मार्फत स्व-मूल्याङ्कन गरिएको थियो। कार्यशालामा गाउँपालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत लगायत कार्यपालिका सदस्यहरू र विषयगत शाखा प्रमुखहरूको सक्रिय सहभागिता रहेको थियो।

**२. लैससास परीक्षण सूचक लेखाजोखा तथा प्रश्नावलीहरूमा अङ्क प्रदान**

लैससास परीक्षण दिग्दर्शन, २०७८ अनुरूप तोकिएका सूचकहरूमा सहभागितामूलक अभ्यास र सामूहिक छलफल गरी हरेक सूचकको लेखाजोखा गरिएको थियो। सरुमारानी गाउँपालिकाको विद्यमान अवस्था र अभ्यासको विश्लेषण गरी, पुष्ट्याइँका प्रमाणहरूका आधारमा सहभागीहरूबाट १, ०.५ वा ० अङ्क प्रदान गर्न सहजकर्ताद्वारा सहजीकरण गरिएको थियो।

**३. सबल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौती (SWOT Analysis) विश्लेषण**

लैङ्गिक समानता र सामाजिक समावेशीकरणका क्षेत्रमा गाउँपालिकाले निर्माण गरेका कानुन, नीति तथा कार्यविधिहरूका साथै अवलम्बन गरेका अभ्यासहरूको लेखाजोखाबाट प्राप्त नतिजाका आधारमा सबल पक्षहरूलाई निरन्तरता दिने गरी आगामी दिनमा सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीहरूका विषयमा समूह छलफल गरी विश्लेषण गरिएको थियो। गाउँपालिकाको लैससास संवेदनशीलताको विद्यमान अवस्था विश्लेषण गरी सुधारका उपायहरू पहिचान गर्न SWOT विश्लेषणले सहयोग पुगेको छ।

**४. कार्ययोजना तयारी**

गाउँपालिकाको लैससास परीक्षणबाट प्राप्त परिणामका आधारमा सबल पक्षहरूलाई कायमै राखी सुधार गर्नुपर्ने पक्षलाई समेट्ने गरि वार्षिक कार्ययोजना तयार गरिएको छ। उक्त कार्ययोजनामा गाउँपालिकाले चालू आर्थिक बर्ष र आगामी १ बर्ष भित्र सम्पन्न गर्नसक्ने क्रियाकलाप, योजना पारित गराउने पहलकर्ता, निर्णयकर्ता र कार्यान्वयनको जिम्मेवारी सहित समय र थप दायित्व आबश्यकताका बारेमा अनुमान गरी अभिलेखीकरण गरिएको छ।

**(ग) प्रतिवेदन चरण**

लैससास परीक्षण सूचकहरूको लेखाजोखाबाट सहभागीहरूले हरेक प्रश्नावलीहरूमा दिएको अंकको आधारमा प्राप्त नतिजालाई एकीकृत गरी ड्राफ्ट प्रतिवेदन तयारी पश्चात गाउँपालिकामा प्रस्तुत गरिएको थियो। लैससास परीक्षण ड्राफ्ट प्रतिवेदन कार्यपालिका समक्ष प्रस्तुत पश्चात प्राप्त सुझावहरूलाई समाबेश गरी अन्तिम प्रतिवेदन तयार गरिएको छ।

## १.७. लैङ्गिक परीक्षणका सहभागीहरू :

मिति २०८२।१२।१९ गते सरुमारानी गाउँपालिकाको आर्थिक बर्ष २०८१।०८२ को लै.स.सा.स. परीक्षण कार्य सम्पन्न भएको छ। लै.स.सा.स. परीक्षणका लागि दिग्दर्शनमा उल्लेख भए बमोजिम गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, कार्यपालिका सदस्यहरू लगायत सबै बिषयगत शाखा प्रमुखहरूको सहभागिता रहेको थियो। लै.स.सा.स. परीक्षण कार्यशालामा लैङ्गिक तथा सामाजिक क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाका प्रतिनिधि तथा सामाजिक अगुवाहरूको समेत सहभागिता रहेको थियो ।

## १.८. लै.स.सा.स. परिक्षणका औजारहरू :

सरूमारानी गाउँपालिकको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्न देहायका उपकरणहरूको प्रायोग गरिएको थियो ।



# परिच्छेद २

## तथ्याङ्क प्रस्तुतिकरण

### २.१. सरूमारानी गाउँपालिकामा हालसम्म जारी भएका नीति, ऐन, नियमावली, कार्यविधिहरू

सरूमारानी गाउँपालिकामा हालसम्म निर्माण गरिएका ऐन, नीति, नियमावली, कार्यविधि र निर्देशिका तथा मापदण्डहरू तपशिल बमोजिम रहेका छन् ।

| ऐन | नीति | नियमावली | कार्यविधि | निर्देशिका/मापदण्ड |
|---|---|---|---|---|
| ४१ | ४ | ३ | ९१ | १८ |

### २.२. सरूमारानी गाउँपालिकामा विद्यमान जातजातिको अवस्था

राष्ट्रिय जनगणना २०७८ का अनुसार सरूमारानी गाउँपालिकामा विद्यमान जातजातिगत अवस्थालाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| सि.नं. | जात/जातीहरू | जनसंख्या-२०७८ | | |
|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला |
| १ | क्षेत्री | २१७८ | ९८० | ११९८ |
| २ | पहाडी-ब्राह्मण | ९९४ | ४७४ | ५२० |
| ३ | मगर | १०४२८ | ४६९१ | ५७३७ |
| ४ | थारु | ३८ | १८ | २० |
| ५ | तामाङ्ग | १६ | ५ | ११ |
| ६ | नेवार | १८९ | ८३ | १०६ |
| ७ | विश्वकर्मा/कामी | २१८९ | ९२७ | १२६२ |
| ८ | मुस्लिम | ४९० | २३० | २६० |
| ९ | राई | १६ | ८ | ८ |
| १० | गुरुङ्ग | ७८७ | ३४६ | ४४१ |
| ११ | परियार | ५०४ | २२७ | २७७ |
| १२ | ठकुरी | ४४ | २१ | २३ |
| १३ | मिजार | २४१ | १०३ | १३८ |
| १४ | सन्यासी/दशनामी | २५५ | १०८ | १४७ |
| १५ | तराई-ब्राह्मण | २८ | १३ | १५ |

| | | | | |
|---|---|---|---|---|
| १६ | कुमाल | ८९२ | ३७६ | ५१६ |
| १७ | घर्ती/भुजेल | २८ | १३ | १५ |
| १८ | सुनार | ३३२ | १४१ | १९१ |
| १९ | बादी | ६७ | ३१ | ३६ |
| २० | गाईने | ११ | ७ | ४ |
| २१ | कुसुन्डा | २४ | १२ | १२ |
| २२ | अन्य | ३२ | १८ | १४ |
| | **जम्मा** | **१९७८३** | **८८३२** | **१०९५१** |

प्रस्तुत तथ्याङ्क अनुसार सरूमारानी गाउँपालिकाको कुल जनसंख्या १९,७८३ रहेको छ, जसमा स्पष्ट रूपमा बहुजातीय र बहुसांस्कृतिक विविधता झल्किएको देखिन्छ। जातिगत रूपमा हेर्दा यहाँ मगर समुदायको जनसंख्या सबैभन्दा उच्च अर्थात् १०,४२८ रहेको छ, जसले गाउँपालिकाको कुल जनसंख्याको आधाभन्दा बढी (करिब ५२.७%) हिस्सा ओगटेको छ। मगर समुदायपछि क्रमशः विश्वकर्मा/कामी (२,१८९) र क्षेत्री (२,१७८) समुदायको बाहुल्यता देखिन्छ। यसबाहेक पहाडी-ब्राह्मण (९९४), कुमाल (८९२) र गुरुङ्ग (७८७) समुदायको पनि यहाँ उल्लेख्य उपस्थिति रहेको छ। तालिकामा कुसुन्डा (२४), गाईने (११), राई (१६) र तामाङ्ग (१६) जस्ता अल्पसंख्यक तथा सीमान्तकृत जातिहरूको पनि पहिचान र उपस्थिति देखिनुले यो गाउँपालिका सामाजिक रूपमा अत्यन्तै मिश्रित र समावेशी रहेको प्रमाणित गर्दछ।

लैङ्गिक दृष्टिकोणबाट विश्लेषण गर्दा यस गाउँपालिकामा पुरुषको तुलनामा महिलाको संख्या निकै उच्च रहेको पाइन्छ। कुल १९,७८३ जनसंख्यामध्ये पुरुषको संख्या ८,८३२ (४४.६४%) मात्र रहँदा महिलाको संख्या १०,९५१ (५५.३६%) रहेको छ, जसले गाउँपालिकामा २,११९ जना बढी महिलाको उपस्थिति देखाउँछ। यो लैङ्गिक अन्तर लगभग सबैजसो जातजातिहरूमा समान रूपमा देखिन्छ; जस्तै बाहुल्यता रहेको मगर समुदायमा पुरुष ४,६९१ हुँदा महिला ५,७३७ छन् भने क्षेत्री समुदायमा ९८० पुरुषको तुलनामा १,१९८ महिला रहेका छन्। महिलाको यो बाहुल्यताले स्थानीय तहको नीति निर्माण, नेतृत्व विकास, र आयआर्जनका कार्यक्रमहरूमा महिला केन्द्रित योजना र लैङ्गिक मूलप्रवाहीकरणको अपरिहार्यतालाई स्पष्ट रूपमा दर्शाउँछ।

## २.२. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको नतिजा

लै.स.सा.स. परीक्षण दिग्दर्शन २०७८ बमोजिम सरुमारानी गाउँपालिकाको लैससास परीक्षणको ५ वटा मुख्य सूचक र २२ वटा उपसूचक अन्तर्गतका १०० वटा प्रश्नहरूको लेखाजोखा गरिएको छ। लैससास परीक्षण नतिजाको आधारमा सरुमारानी गाउँपालिकाको सबल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीहरू पहिचान (SWOT Analysis) भएको छ। सबल पक्षलाई निरन्तरता दिँदै सुधार गर्नुपर्ने पक्षहरूलाई सम्बोधन हुने गरी आगामी वर्षको कार्ययोजना समेत निर्माण गरिएको छ। लैससास परीक्षणबाट प्राप्त तथ्याङ्क सहितको समग्र नतिजा निम्न तालिका तथा ग्राफ र माकुरी जालोबाट प्रस्तुत गरिएको छ।

### २.२.१ लै.स.सा.स. परिक्षण नतिजा माकुरी जालोमा

सरूमारानी गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा गरेको उपलब्धीलाई माकुरी जालोमा प्रस्तुत गरिएको छ ।



## २.२.२. लै.स.सा.स. परीक्षण नतिजा बारचार्टमा

सरूमारानी गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा गरेको उपलब्धीलाई बारचार्टमा प्रस्तुत गरिएको छ ।




प्रस्तुत बारचार्टमा सरूमारानी गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लै.स.सा.स.) परीक्षणको नतिजालाई प्रस्तुत गरिएको छ। चार्टमा विभिन्न पाँचवटा मुख्य सूचकहरू (जसको कूल पूर्णाङ्क २०/२०) अन्तर्गतका उप-सूचकहरूलाई निलो रङमा र गाउँपालिकाले प्राप्त गरेको अङ्क (प्राप्ताङ्क) लाई रातो रङमा बारमार्फत तुलनात्मक रूपमा देखाइएको छ। समग्र नतिजालाई हेर्दा गाउँपालिकाले नीति, योजना तर्जुमा र बजेट कार्यान्वयन सूचक खण्डमा सबैभन्दा बढी १७.५ अङ्क प्राप्त गरी उत्कृष्ट प्रदर्शन गरेको छ। त्यसैगरी, संस्थागत व्यवस्था र मानव संसाधनसँग सम्बन्धित खण्डमा १५.० अङ्क तथा विकासका क्षेत्रगत कार्यक्रम र सुशासनसँग सम्बन्धित दुईवटा छुट्टाछुट्टै खण्डहरूमा समान १४.० अङ्क हासिल भएको छ भने समन्वय, अनुगमन र उत्तरदायित्व समेटिएको पहिलो सूचक खण्डमा सबैभन्दा कम १३.५ अङ्क प्राप्त गरेको छ। उप-

सूचकहरूको मसिनो विश्लेषण गर्दा 'नीति र कानूनमा समावेशिता/सहभागिता' मा ७.० (पूर्णाङ्क ८ मध्ये), 'योजना तर्जुमा तथा कार्यान्वयन' मा ७.५ (पूर्णाङ्क ८ मध्ये) र 'मानव संसाधन तथा क्षमता विकास' मा ४.५ (पूर्णाङ्क ८ मध्ये) अङ्क प्राप्त गरेको छ भने अन्य अधिकांश साना उप-सूचकहरूमा ४ अङ्कको पूर्णाङ्कमा २.० देखि ३.५ सम्मको मध्यम अङ्क प्राप्त गरेको छ। समग्रमा, यो नतिजाले सरूमारानी गाउँपालिकाले योजना र नीति निर्माणको तहमा लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई राम्रोसँग आत्मसात् गरेको देखिए तापनि समन्वय, अनुगमन, उत्तरदायित्व र संस्थागत क्षमता विकासका क्षेत्रहरूमा आगामी दिनमा अझ थप सुधार गर्नुपर्ने आवश्यकतालाई औंल्याउँछ।

### २.२.३. नीति, कानून, योजना क्षेत्रको अवस्था

सरूमारानी गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा नीति, कानून, योजना मुख्य सूचक अन्तर्गतका सहायक सूचकहरूमा गरेको उपलब्धीलाई बारचार्टमा प्रस्तुत गरिएको छ ।




प्रस्तुत बारचार्टले नीति, कानून र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लै.स.सा.स.) को अवस्थालाई तुलनात्मक रूपमा देखाइएको छ। सरूमारानी गाउँपालिकाले यस सूचक अन्तर्गतको पहिलो उपसूचक 'नीति र कानूनमा समावेशिता/सहभागिता' मा ८ पूर्णाङ्कमध्ये ७.० अङ्क प्राप्त गरेको छ भने दोस्रो उपसूचक 'योजना तर्जुमा तथा कार्यान्वयन' मा ८ पूर्णाङ्कमध्ये सबैभन्दा बढी ७.५ अङ्क हासिल गरेको छ। त्यसैगरी, तेस्रो सूचक 'बजेट तर्जुमा तथा कार्यान्वयन' मा ४ पूर्णाङ्क निर्धारण गरिएकोमा ३.० अङ्क प्राप्त गरेको छ। समग्रमा हेर्दा, तीनवटै क्षेत्रमा पूर्णाङ्कको तुलनामा

प्राप्ताङ्क निकै राम्रो र उत्साहजनक रहेको छ, जसले नीति निर्माण, योजना तर्जुमा र बजेट विनियोजनको हरेक तहमा लैङ्गिक तथा सामाजिक समावेशीकरणको मर्मलाई उच्च प्राथमिकताका साथ आत्मसात् गरिएको अवस्थालाई स्पष्ट पार्छ।

### २.२.४. संस्थागत व्यवस्था क्षेत्रको अवस्था

सरूमारानी गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा संस्थागत व्यवस्था मुख्य सूचक अन्तर्गतका सहायक सूचकहरूमा गरेको उपलब्धीलाई चार्टमा प्रस्तुत गरिएको छ ।




प्रस्तुत चार्टमा संस्थागत व्यवस्थामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लै.स.सा.स.) परीक्षणको अवस्थालाई देखाइएको छ। चार्टमा नीलो रङ्गको बारमा प्रत्येक उप-सूचकको 'पूर्णाङ्क' (जुन सबैमा समान ४ अङ्क रहेको) र रातो रङ्गको बारमा 'प्राप्ताङ्क' लाई दर्शाउँछ । जसअन्तर्गत पाँचवटा क्षेत्रको विश्लेषण गरिएको छ। पाँच सूचकहरूमध्ये 'कार्यप्रणाली समावेशी' मा पूर्णाङ्कमा पूर्णाङ्क नै अर्थात् ४.० अङ्क प्राप्त गरी शतप्रतिशत उत्कृष्ट नतिजा हासिल गरेको छ। त्यसैगरी, 'वित्त व्यवस्थापन प्रणालीमा समावेशिता' मा पनि तुलनात्मक रूपमा राम्रो अर्थात् ३.५ अङ्क प्राप्त गरेको छ। तर, बाँकी तीनवटा सूचकहरू 'कर्मचारी पदाधिकारी प्रतिनिधित्व', 'समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व' तथा 'तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन' मा भने समान २.५ अङ्क मात्र हासिल भएको देखिन्छ। समग्रमा, गाउँपालिकामा संस्थागत कार्यप्रणाली र वित्तीय प्रणालीमा समावेशीकरणको

अवस्था सुदृढ रहेको भएता पनि पदाधिकारीहरूको प्रतिनिधित्व र तथ्याङ्क व्यवस्थापन जस्ता क्षेत्रमा भने आगामी दिनमा थप सुधार र जोड दिनुपर्ने आवश्यकतालाई औंल्याउँछ।

## २.२.५. मानव संसाधन तथा क्षमता विकास क्षेत्रको अवस्था

सरूमारानी गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा मानव संसाधन तथा क्षमता विकास सूचक अन्तर्गतका सहायक सूचकहरूमा गरेको उपलब्धीलाई चार्टमा प्रस्तुत गरिएको छ ।




प्रस्तुत बारचार्टमा मानव संसाधन तथा क्षमता विकासको अवस्थालाई वर्गीकरण गरी प्राप्तांक र पूर्णांकको तुलनात्मक विश्लेषण देखाइएको छ। यस चित्रमा चारवटा मुख्य सूचकहरू समेटिएका छन्, जसमा नीलो रङले पूर्णांक र रातो रङले प्राप्त अंकलाई जनाउँछ। सरूमारानी गाउँपालिकाले 'विपद व्यवस्थापनमा सहभागिता' र 'कानूनी साक्षरता' दुवै विधामा ४ पूर्णांकमध्ये ३.५ अंक प्राप्त गरेको छ भने 'औपचारिक मूल्य, मान्यता र कुसंस्कार' शीर्षकमा ४ पूर्णांकमा सबैभन्दा कम अर्थात् २.५ अंक मात्र प्राप्त गरेको छ। त्यसैगरी, समग्र विधाको रूपमा रहेको 'मानव संसाधन तथा क्षमता विकास' मा सबैभन्दा बढी अर्थात् ८ पूर्णांक रहेकोमा त्यसको अनुपातमा ४.५ प्राप्तांक हासिल गरेको छ। समग्रमा, गाउँपालिकामा कानूनी साक्षरता र विपद व्यवस्थापनको क्षेत्रमा सन्तोषजनक अवस्था रहेता तापनि औपचारिक मूल्य, मान्यता र समग्र क्षमता विकासको क्षेत्रमा अझै सुधार गर्नुपर्ने आवश्यकता देखिन्छ।

## २.२.६. सेवा प्रवाह क्षेत्रको अवस्था

सरूमारानी गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा सेवा प्रवाह मुख्य सूचक अन्तर्गतका सहायक सूचकहरूमा गरेको उपलब्धीलाई रेखाचित्रमा प्रस्तुत गरिएको छ ।




प्रस्तुत रेखाचित्रमा सेवा प्रवाहमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको नतिजालाई तुलनात्मक रूपमा प्रस्तुत गरिएको छ। यस ग्राफमा नीलो सीधा रेखाले पूर्णांक ४ लाई जनाउँछ भने रातो रेखाले विभिन्न पाँचवटा उपसूचकहरूको प्राप्तांक देखाउँछ। सरूमारानी गाउँपालिकामा 'खानेपानी तथा सरसफाइ' क्षेत्रले सबैभन्दा बढी अर्थात् ३.५ प्राप्तांक हासिल गरेको छ भने 'पूर्वाधार विकास' र 'शिक्षा कार्यक्रम' दुवै क्षेत्रमा समान ३.० अंक प्राप्त गरेको छ। त्यसैगरी, 'प्रजनन स्वास्थ्य' मा २.५ प्राप्तांक रहेको छ भने 'स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन' क्षेत्रमा सबैभन्दा कम अर्थात् २.० अंक मात्र प्राप्त गरेको छ। समग्रमा, यस नतिजाले गाउँपालिकाको खानेपानी तथा सरसफाइको क्षेत्रमा लै.स.सा.स. को अवस्था तुलनात्मक रूपमा राम्रो रहे तापनि स्वरोजगार, आय आर्जन र बजार व्यवस्थापन जस्ता आर्थिक क्षेत्रहरूमा लैंगिक तथा सामाजिक समावेशीकरणलाई अझ मजबुत बनाउन विशेष ध्यान दिनुपर्ने आवश्यकता रहेको कुरा दर्शाउछ ।

### २.२.६. सुशासन तथा उत्तरदायित्व क्षेत्रको अवस्था

सरूमारानी गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा सुशासन तथा उत्तरदायित्व मुख्य सूचक अन्तर्गतका सहायक सूचकहरूमा गरेको उपलब्धीलाई स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।




प्रस्तुत स्तम्भचित्रले सुशासन तथा उत्तरदायित्वको अवस्थालाई विभिन्न पाँचवटा सूचकहरूका आधारमा तुलनात्मक रूपमा प्रस्तुत गरिएको छ। यस चित्रमा नीलो रङको तल्लो भागले सबै विधाको समान पूर्णांक ४ लाई र रातो रङको माथिल्लो भागले प्राप्तांक लाई जनाउँछ। सरूमारानी गाउँपालिकाले यस आर्थिक वर्षमा 'उत्तरदायित्व र जवाफदेहिता' सूचकमा सबैभन्दा बढी अर्थात् ३.५ प्राप्तांक हासिल गरेको छ भने 'सुशासन' र 'सूचना तथा सञ्चार' दुवै क्षेत्रमा समान ३.० अंक प्राप्त गरेको छ। त्यसैगरी, 'अनुगमन तथा मूल्याङ्कन' र 'समन्वय र सम्बन्ध विस्तार' विधामा भने सबैभन्दा कम समान २.० प्राप्तांक मात्र गरेको छ। समग्रमा, गाउँपालिकाले उत्तरदायित्व, सुशासन र सूचना सञ्चारको क्षेत्रमा राम्रो प्रगति गरेको भए तापनि संगठनात्मक प्रभावकारिताका लागि अत्यन्त महत्त्वपूर्ण मानिने अनुगमन, मूल्याङ्कन र आपसी समन्वयको क्षेत्रमा आगामी दिनमा अझ बढी सुधार र सक्रियता बढाउनुपर्ने आवश्यकतालाई औंल्याएको छ।

### २.२.७. मुल तथा सहायक बिषयहरूको विस्तृत विवरण

सरूमारानी गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा मुल तथा सहायक बिषयहरूमा प्राप्त नतिजाको विस्तृत विवरण यस प्रकार रहेको छ ।

| क्रस | मुल तथा सहायक बिषय | पूर्णांक | प्राप्तांक | प्रतिशत |
|---|---|---|---|---|
| १ | **नीति, कानून, योजना** | **२०** | **१७.५०** | **८७.५०** |
| १.१ | नीति र कानूनमा समावेशिता/ सहभागिता | ८ | ७.० | ८७.५० |
| १.२ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | ७.५ | ९३.७५ |
| १.३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | ३.० | ७५.०० |
| २ | **संस्थागत व्यवस्था** | **२०** | **१४.५** | **७२.५** |
| २.१ | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | ४ | २.५ | ६२.५० |
| २.२ | कार्यप्रणाली समावेशी | ४ | ४.० | १००.०० |
| २.३ | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | २.५ | ६२.५० |
| २.४ | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | ४ | ३.५ | ८७.५० |
| २.५ | तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन | ४ | २.० | ५०.०० |
| ३ | **मानव संसाधन तथा क्षमता विकास** | **२०** | **१४.०** | **७०.००** |
| ३.१ | मानव संसाधन तथा क्षमता विकास | ८ | ४.५ | ५६.२५ |
| ३.२ | औपचारिक मुल्य, मान्यता र कुसंस्कार | ४ | २.५ | ६२.५० |
| ३.३ | कानूनी साक्षरता | ४ | ३.५ | ८७.५० |
| ३.४ | विपद व्यवस्थापनमा सहभागिता | ४ | ३.५ | ८७.५० |
| ४ | **सेवा प्रवाह** | **२०** | **१४.५** | **७२.५०** |
| ४.१ | पूर्वाधार विकास | ४ | ३.० | ७५.०० |
| ४.२ | प्रजनन स्वास्थ्य | ४ | २.५ | ६२.५० |
| ४.३ | शिक्षा कार्यक्रम | ४ | ३.५ | ८७.५० |
| ४.४ | खानेपानी तथा सरसफाइ | ४ | ३.५ | ८७.५० |
| ४.५ | स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन | ४ | २.० | ५०.०० |
| ५ | **सुशासन तथा उत्तरदायित्व** | **२०** | **१३.५** | **६७.५०** |
| ५.१ | सुशासन | ४ | ३.० | ७५.०० |
| ५.२ | उत्तरदायित्व र जवाफदेहिता | ४ | ३.५ | ८७.५० |
| ५.३ | सूचना तथा संचार | ४ | ३.० | ७५.०० |
| ५.४ | अनुगमन तथा मूल्याङ्कन | ४ | २.० | ५०.०० |
| ५.५ | समन्वय र सम्बन्ध विस्तार | ४ | २.० | ५०.०० |
| | **कुल जम्मा** | **१००** | **७४.०** | |

### २.२.८. लै.स.सा.स. परीक्षणको विगतका वर्षको नतिजासँगको तुलनात्मक विवरण

सरूमारानी गाउँपालिकाले आर्थिक वर्ष २०७७/०७८ देखि नियमित रूपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्दै आइ रहेको छ । यहा गाउँपालिकाको विगतका नतिजाहरूको तुलनात्मक विस्तृत विवरण प्रस्तुत गरिएको छ ।

| क्रस | मुल तथा सहायक बिषय | पूर्णांक | आर्थिक बर्ष अनुसार प्राप्ताङ्क | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ |
| **१** | **नीति, कानून, योजना** | **२०** | **१३.५** | **९.५** | **१३** | **१७** | **१७.५** |
| १.१ | नीति र कानूनमा समावेशिता/ सहभागिता | ८ | ५.५ | ३ | ५.५ | ६.५ | ७ |
| १.२ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | ६.५ | ३.५ | ५ | ७.५ | ७.५ |
| १.३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | १.५ | ३ | २.५ | ३ | ३ |
| **२** | **संस्थागत व्यवस्था** | **२०** | **११** | **१३.५** | **१३.५** | **१४** | **१४.५** |
| २.१ | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | ४ | २ | ३ | २.५ | ३.५ | २.५ |
| २.२ | कार्यप्रणाली समावेशी | ४ | १.५ | ३.५ | २.५ | २.५ | ४ |
| २.३ | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | ३ | ३ | २ | ३ | २.५ |
| २.४ | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | ४ | २.५ | १.५ | ३ | ३ | ३.५ |
| २.५ | तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन | ४ | २ | २.५ | ३.५ | २ | २ |
| **३** | **मानव संसाधन तथा क्षमता विकास** | **२०** | **५.५** | **११.५** | **१२** | **१२.५** | **१४** |
| ३.१ | मानव संसाधन तथा क्षमता विकास | ८ | १.५ | ४ | ५ | ५ | ४.५ |
| ३.२ | औपचारिक मुल्य, मान्यता र कुसंस्कार | ४ | १.५ | ३ | २ | २.५ | २.५ |
| ३.३ | कानूनी साक्षरता | ४ | ०.५ | ०.५ | २.५ | २.५ | ३.५ |
| ३.४ | विपद व्यवस्थापनमा सहभागिता | ४ | २ | ४ | २.५ | २.५ | ३.५ |
| **४** | **सेवा प्रवाह** | **२०** | **१२** | **१२.५** | **१२.५** | **१४** | **१४.५** |
| ४.१ | पूर्वाधार विकास | ४ | ३ | ३ | २.५ | ३ | ३ |
| ४.२ | प्रजनन स्वास्थ्य | ४ | ३ | १.५ | २.५ | २.५ | २.५ |
| ४.३ | शिक्षा कार्यक्रम | ४ | ३.५ | २.५ | ३.५ | ४ | ३.५ |
| ४.४ | खानेपानी तथा सरसफाइ | ४ | १.५ | ३ | २.५ | ३ | ३.५ |
| ४.५ | स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन | ४ | १ | २.५ | १.५ | १.५ | २ |
| **५** | **सुशासन तथा उत्तरदायित्व** | **२०** | **१०** | **१३** | **१३** | **१५** | **१३.५** |
| ५.१ | सुशासन | ४ | १.५ | १.५ | ३ | २.५ | ३ |

| क्रस | मुल तथा सहायक विषय | पूर्णांक | आर्थिक वर्ष अनुसार प्राप्ताङ्क | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ |
| ५.२ | उत्तरदायित्व र जवाफदेहिता | ४ | २ | ४ | ३.५ | ३.५ | ३.५ |
| ५.३ | सूचना तथा संचार | ४ | ३ | ३.५ | ३ | ३ | ३ |
| ५.४ | अनुगमन तथा मूल्याङ्कन | ४ | २ | २.५ | १.५ | ३.५ | २ |
| ५.५ | समन्वय र सम्बन्ध विस्तार | ४ | १.५ | १.५ | २ | २.५ | २ |
| | **कुल जम्मा** | **१००** | **५२** | **६०** | **६१** | **७२.५** | **७४** |

## २.२.९. सूचक सहितको परीक्षण नतिजाको विस्तृत विवरण

सरूमारानी गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा प्रत्येक सूचकहरूमा प्राप्त नतिजाको विस्तृत विवरण यस प्रकार रहेको छ ।

| सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्त अङ्क | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|
| **१** | **नीति, कानून, योजना -२०** | **२०** | **१७.५** | |
| **१.१** | **नीति र कानूनमा समावेशिता/सहभागिता-८** | **८** | **७** | |
| १.१.१ | स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको बिषयवस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरे / नगरेको। | ०-१ | १ | स्वीकृत नीति तथा कानूनी दस्तावेजहरूस्वीकृतिको लागि प्रस्तुत गरेका मस्यौदा नीति तथा कानूनी दस्तावेजहरूसम्बन्धित निर्णय फाइलहरू |
| १.१.२ | स्थानीय तहले आफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा वा विश्लेषण गरि सुनिश्चित गर्ने गरे/नगरेको । | ०-१ | ०.५ | नीति, कानून, योजना का दस्तावेजहरूकार्यपालिकाका छलफल तथा निर्णयहरू |
| १.१.३ | स्थानीय तहको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानून, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरू) सम्बन्धी विषयहरु समावेश भए/नभएको । | ०-१ | १ | स्थानीय कानून, नीतिआवधिक र बार्षिक योजना सम्बन्धी दस्तावेजहरूस्थानीय राजपत्र |
| १.१.४ | महिला र पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समविकास, सामाजिक विभेदको अन्त्य तथा लैससास परीक्षण गर्ने अलग्गै नीतिहरु छन् / छैनन् ? (स्थानीय ऐन, कानून, कार्यविधि, निर्देशिकामा खास व्यवस्था गरे / नगरेको । | ०-१ | १ | लैससास तथा सामाजिक विभेद अन्त्य गर्ने नीति दस्तावेजस्थानीय ऐन, कानून, कार्यविधि, निर्देशिकाहरूस्थानीय राजपत्र |

| सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्त अङ्क | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|
| १.१.५ | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला, किशोरी, बालिकाहरु तथा लक्षित वर्ग लगायतमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु अन्त्य गर्ने प्रावधान राखिएको / नराखिएको । | ०-१ | १ | स्थानीय ऐन, नियम, कार्यविधिहरू र तिनको लैससास दृष्टिले विश्लेषण गरिएको दस्तावेजस्थानीय राजपत्र । |
| १.१.६ | संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाए/नमिलाएको । | ०-१ | १ | महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने विभेद उपर सुनुवाई भएका प्रमाणित कागजातहरूमहिला तथा वञ्चितीमा परेका समुदायहरूको स्वयम भनाइहरूको दस्तावेज |
| १.१.७ | स्थानीय नीति तथा कानूनमा महिला, पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यक उपर हुने श्रमको ज्यालामा विभेद अन्त्य गर्ने प्रावधान रहे / नरहेको । | ०-१ | १ | स्थानीय नीति तथा कानून,श्रमको ज्याला भुक्तानी दस्तावेज तथा विवरण |
| १.१.८ | स्थानीय तहको नीति तथा कानूनमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्ने प्रावधान रहे / नरहेको | ०-१ | ०.५ | स्थानीय तहको श्रम नीति तथा कानून, दस्तावेजसमीक्षा प्रतिवेदन |
| **१.२** | **योजना तर्जुमा तथा कार्यान्वयन- ८** | **८** | **७.५** | |
| १.२.१ | आवधिक योजना र वार्षिक विकास कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र सोको मापनयोग्य लक्ष्य समावेश गरे/नगरेको । | ०-१ | १ | आवधिक योजना, वार्षिक विकास कार्यक्रमलैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रमलक्ष्य तथा उपलब्धी सम्बन्धी आवधिक प्रतिवेदन |
| १.२.२ | गाउँपालिका /नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा सबै लक्षित समूहको अवस्था विश्लेषणको आधारमा सो समूहलाई प्रत्यक्ष फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने गरे / नगरेको । | ०-१ | १ | वार्षिक बजेट तथा विकास कार्यक्रममहिला तथा लक्षित समूहको अवस्था विश्लेषण प्रतिवेदन /प्रोफाईल, |
| १.२.३ | स्थानीय तहको योजना पहिचान तथा छनौट गर्दा लक्षित समूहको सक्रीय सहभागिता हुने गरे, नगरेको र लक्षित समूहले छनौट गरेका योजना प्राथमिकता मा पर्ने गरे/ नगरेको । | ०-१ | १ | सहभागी सूची/फोटो र वडास्तरबाट छनौट योजना तथा कार्यक्रमको सूचीनिर्णय पुस्तिका,स्वीकृत वार्षिक कार्यक्रम |

| सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्त अङ्क | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|
| १.२.४ | योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल हुने गरे/नगरेको । | ०-१ | १ | बैठक निर्णय पुस्तिका,बजेट तर्जुमा मार्गदर्शनबैठक पुस्तिका,स्वीकृत वार्षिक कार्यक्रम |
| १.२.५ | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समूहको छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने गरिए/नगरिएको । | ०-१ | ०.५ | महिला र पुरुष एवं लक्षित समूहको छुट्टा छुट्टै अवस्था देखिने अवस्था विश्लेषण प्रतिवेदनआवश्यकता पहिचान प्रतिवेदन ।वार्षिक विकास कार्यक्रम |
| १.२.६ | स्थानीय तहले दीगो विकासका लक्ष्यहरू विशेष गरेर लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट विनियोजन हुने गरे / नगरेको । | ०-१ | १ | दीगो विकासका लक्ष्यहरू स्थानीयकरण गरेको दस्तावेज (नीति, योजना तथा वार्षिक विकास कार्यक्रम ) |
| १.२.७ | स्थानीय तहका योजना महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्नेगरी बने/नबनेको । | ०-१ | १ | नीति, योजना तथा वार्षिक विकास कार्यक्रम |
| १.२.८ | स्थानीय तहका उपभोक्ता समितिहरुमा लक्षित समूहका प्रतिनिधि सहित कम्तिमा ४०% महिलाहरूको सहभागिता भए/नभएको र मुख्य कार्यकारी पदको जिम्मेवारी दिए / नदिएको । | ०-१ | १ | उपभोक्ता समितिको गठन सम्बन्धी नीति तथा कानून, उपभोक्ता समितिको संरचना |
| **१.३** | **बजेट तर्जुमा तथा कार्यान्वयन- ४** | ४ | ३.० | |
| १.३.१ | बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपूर्व समुदायका महिला, बालबालिका, अपाङ्ग, जनजाति, मधेसी, मुस्लिम, पिछडावर्ग, दलित लगायत सबै लक्षित वर्ग र समुदायसँग छलफल (विश्लेषण) गर्ने गरिएको/नगरिएको । | | १ | बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी दस्तावेज• लक्षित समूहसँग छलफल भएको निर्णय पुस्तिका |
| १.३.२ | स्थानीय तहमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण नियमितरुपमा गर्न बजेटको व्यवस्था गरिए/नगरिएको र सोको कार्यान्वयन भए/नभएको । | ०-१ | १ | वार्षिक विकास कार्यक्रम र लैससास परीक्षण प्रतिवेदन• प्रगति प्रतिवेदन |
| १.३.३ | परीक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम वार्षिक योजनामा समावेश गरिए/नगरिएको र सो को कार्यान्वयन भए/नभएको । | ०-१ | ०.५ | वार्षिक विकास कार्यक्रम• लैससास परीक्षण प्रतिवेदन• प्रगति प्रतिवेदन |

| सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्त अङ्क | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|
| १.३.४ | स्थानीय तहको वार्षिक विकास कार्यक्रममा लक्षित समूहको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरूको हितमा कार्ययोजना अनुरूप कार्यक्रम संचालन गर्ने गरिए/नगरिएको । | ०-१ | ०.५ | वार्षिक विकास कार्यक्रम• लैससास परीक्षण प्रतिवेदन• प्रगति प्रतिवेदन |
| २ | **संस्थागत व्यवस्था-२०** | २० | १४.५ | |
| २.१ | **कर्मचारी पदाधिकारी प्रतिनिधित्व- ४** | ४ | २.५ | |
| २.१.१ | स्थानीय तहको निर्णायक तहमा महिलाहरू (पदाधिकारी/कर्मचारी) को समानरुपमा (५०/५० प्रतिशत) प्रतिनिधित्व भए/नभएको । | ०-१ | ०.५ | स्थानीय तहको निर्णायक तहमा रहेका (पदाधिकारी/कर्मचारी) को नामावली |
| २.१.२ | स्थानीय तहका कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, क्षेत्र, लिङ्ग र समुदाय लगायत लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व हुने रणनीति लिए/नलिएको र सो बमोजिम कार्यान्वयन भए/नभएको । | ०-१ | १ | स्थानीय सरकारका कर्मचारीहरूको पदपूर्तिको सम्बन्धी नीति, कानून र पदपूर्ति सम्बन्धी निर्णय - अभ्यास सम्बन्धी दस्तावेज |
| २.१.३ | स्थानीय तहले महिला लगायत विशेष जातजाति तथा समुदायलाई सेवा प्रदान गर्दा सम्बन्धीत लक्षित वर्ग वा समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको साथै महिला संवेदनशील कर्मचारी वा जनप्रतिनिधि समेत समावेश भएको कार्यटोली वा शाखा मार्फत सेवा दिने गरे/नगरेको । | ०-१ | ०.५ | संस्थागत व्यवस्था (सेवा प्रदान गर्ने रणनीति, कार्यनीति, सेवा प्रवाह सम्बन्धी दस्तावेज) संगठन संरचना, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सेवाग्राहि सन्तुष्टि सर्वेक्षण आदि । |
| २.१.४ | जनप्रतिनिधिहरू तथा कर्मचारीहरूलाई क्षमता विकासको अवसर प्रदान गर्दा महिला तथा वञ्चितिकरणमा परेका समुदायलाई पहिलो प्राथमिकता दिई सबैलाई समान अवसर प्रदान गर्ने गरी सकारात्मक विभेदको नीति लिए/नलिएको तथा उक्त नीति कार्यान्वयन गरिए/नगरिएको । | ०-१ | ०.५ | सकारात्मक विभेदको नीति तथा रणनीति दस्तावेज• क्षमता विकास सम्बन्धी कार्यक्रमको कार्य सम्पन्न प्रतिवेदन• सहभागि छनौटका आधारहरु |
| २.२. | **कार्यप्रणाली समावेशी-४** | ४ | ४.० | |
| २.२.१ | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्यनीति रहे/नरहेको । | ०-१ | १ | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको कार्यनीति सम्बन्धी दस्तावेज• वार्षिक विकास कार्यक्रम• प्रगति प्रतिवेदन |

| सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्त अङ्क | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|
| २.२.२ | स्थानीय तहमा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था छ/छैन ?(लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको व्यवस्था कार्यशर्त र जिम्मेवारी किटान सहित गरे/नगरिएको । | ०-१ | १ | संगठन संरचना र लैङ्गिक विकास हेर्ने इकाईको कार्य निर्देश शर्त र जिम्मेवारी किटान दस्तावेज• यस सम्बन्धी निर्णयहरु |
| २.२.३ | स्थानीय तहबाट कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुर्व्यवहार, भेदभाव, महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरे/नगरिएको । | ०-१ | १ | आचार संहिता दस्तावेज• निर्णय पुस्तिका |
| २.२.४ | योजना तर्जुमा समितिलाई सुझाव दिने दस्तावेज तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता भए/नभएको र यस समितिले वडा तथा वस्तिस्तरमा योजना सम्बन्धी छलफल समावेशी भए नभएको अनुगमन गरे/नगरिएको । | ०-१ | १ | कार्यान्वयन समितिले सुझाव दिएको दस्तावेज• बैठकको उपस्थिति• निर्णय पुस्तिका• अनुगमन प्रतिवेदन |
| **२.३** | **समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व-४** | ४ | २.५ | |
| २.३.१ | स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायबाट महिला र पुरुषको समावेशी प्रतिनिधित्व हुने व्यवस्था रहे/ नरहेको । | ०-१ | १ | समिति, उपसमिति र कार्यदल गठनको संरचना-दस्तावेज• उपस्थिति तथा निर्णय पुस्तिका |
| २.३.२ | स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायका प्रतिनिधिहरूले छलफल तथा निर्णय निर्माणमा सक्रिय रुपमा भाग लिन पाए/नपाएको । | ०-१ | ०.५ | समिति, उपसमिति र कार्यदलहरूको छलफल सहभागिताको उपस्थिति र निर्णय पुस्तिका• सुझाव समेटिएको प्रतिवेदन• निर्णय प्रमाणिकरण पुस्तिका |
| २.३.३ | स्थानीय तहमा सञ्चालित कार्यक्रमहरूको अनुगमन र समीक्षा सम्बन्धी कार्यमा स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितिकरणमा परेको समुदायको हितहुने गरी विश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने गरे/नगरेको । | ०-१ | ०.५ | समिति, उपसमिति र कार्यदलहरूले दिएका सुझावहरू विश्लेषण सहितको अनुगमन प्रतिवेदन |
| २.३.४ | स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितिकरणमा परेको समुदायको हितहुने गरी दिइएका नीतिगत र कार्यगत सुझावहरूको कार्यान्वयन हुने गरे/नगरेको । | ०-१ | ०.५ | समिति, उपसमिति र कार्यदलहरूले दिएका सुझावहरू; कार्यान्वयन समीक्षा बैठकको प्रतिवेदन; वार्षिक विकास कार्यक्रम प्रगति प्रतिवेदन |

| सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्त अङ्क | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|
| **२.४** | **वित्त व्यवस्थापन प्रणालीमा समावेशिता-४** | ४ | ३.५ | |
| २.४.१ | स्थानीय तहमा लैङ्गिक हिंसा निवारण, महिला सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिवृद्धि जस्ता बिषयमा स्रोत व्यवस्थापनका लागि बार्षिक आर्थिक ऐनमा उल्लेखगरी छुट्टै कोष स्थापना गरी कार्यान्वयन भए/नभएको । | ०-१ | १ | आर्थिक ऐन; कोष स्थापना सम्बन्धी दस्तावेज; कोष संचालन कार्यविधि; कोष सम्बन्धी वार्षिक स्वीकृत कार्यक्रम र प्रगति विवरण |
| २.४.२ | आदिवासी जनजाति, दलित लगायत अन्य लक्षित समूहका महिलाहरूको विकास र सशक्तीकरणको लागि बजेटको व्यवस्था भएको/नभएको र उनीहरूको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरे/नगरेको । | ०-१ | १ | वार्षिक विकास कार्यक्रम; प्रगति प्रतिवेदन |
| २.४.३ | स्थानीय तहमा लैङ्गिक डेस्कको स्थापना र संचालनको लागि आवश्यक जनशक्ति लगायत अन्य स्रोत साधनकोलागि बजेटको व्यवस्था भए/नभएको र सो अनुसार कार्य भए/नभएको । | ०-१ | ०.५ | वार्षिक विकास कार्यक्रम; संगठन संरचना; कर्मचारीको कार्यविवरण |
| २.४.४ | स्थानीय तहले समावेशी सूचना प्रणाली व्यवस्थापन गर्न बजेटको व्यवस्था गरे/नगरेको र कम्प्यूटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्बन्धी सूचना दिने गरे/नगरेको । | ०-१ | १ | वार्षिक विकास कार्यक्रम; समावेशी सूचना प्रणाली संचालन सम्बन्धी दस्तावेज; सो अनुरुप संचालित प्रणाली र प्रणालीको प्रतिवेदन । |
| **२.५** | **तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन-४** | ४ | २.० | |
| २.५.१ | स्थानीय तहले वडा तथा वस्तीस्तरका समुदायका आधारभूत खण्डिकृत सूचना/तथ्याङ्क संकलन तथा अध्यावधिक गर्ने गरेको/नगरेको। | ०-१ | ०.५ | खण्डिकृत तथ्याङ्क सहितको वस्तुगत विवरण (गाउँ/नगर प्रोफाईल) । |
| २.५.२ | स्थानीय तहले वडा तथा वस्तीस्तरका समुदायका आधारभूत खण्डिकृत सूचना/तथ्याङ्क संकलन गर्दा बेरोजगार तथा गरिबको पहिचान गरी छुट्टाछुट्टै नक्साङ्कन गर्ने गरे/नगरेको । | ०-१ | ०.५ | खण्डिकृत तथ्याङ्क सहितको वस्तुगत विवरण र नक्साङ्कन (गाउँ/नगर प्रोफाईल) । |
| २.५.३ | स्थानीय तहले आफ्नो पार्श्वचित्रमा आधारित खण्डीकृत तथ्यांक र सूचनालाई आधार मानि स्थानीय विकास योजना तर्जुमा गर्ने गरे/नगरेको । | ०-१ | ०.५ | स्थानीय पार्श्वचित्र र खण्डीकृत तथ्यांक तथा सूचनाको विवरण; आवधिक तथा वार्षिक विकास योजना दस्तावेज । |
| २.५.४ | स्थानीय तहले आफ्नो क्षेत्रका सामाजिक सुरक्षाका सुविधा पाउने लाभग्राहीहरू र पञ्जिकरणको अभिलेख व्यवस्थापन तथा तथ्याँक अध्यावधिक गरे /नगरेको । | ०-१ | १ | पञ्जिकरण सम्बन्धी अध्यावधिक अभिलेख; अध्यावधिक लाभग्राहीहरूको विवरण; व्यक्तिगत घटना दर्ता पुस्तिका |

| सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्त अङ्क | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|
| **३** | **मानव संसाधन तथा क्षमता विकास २०** | **२०** | **१४.०** | |
| **३.१** | **मानव संसाधन तथा क्षमता विकास-८** | **८** | **४.५** | |
| ३.१.१ | लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरे/नगरेको र छुट्टै शिर्षकमा बजेट विनियोजन भए/नभएको र यस्तो रकम खर्च गर्ने कार्यविधि स्वीकृत भई कार्यान्वयनमा आए/नआएको । | ०-१ | ०.५ | क्षमता विकास कार्ययोजना, वार्षिक विकास कार्यक्रम, खर्च गर्ने कार्यविधि |
| ३.१.२ | स्थानीय तहका पदाधिकारी/कर्मचारी/लक्षित समूहले लैङ्गिक तथा समावेशी विकास, लैङ्गिक हिंसा निवारण सम्बन्धी तालिम लिए/नलिएको र तालिम कार्यक्रममा लक्षित समूह तथा महिला र पुरुषको समान सहभागिता र उपस्थिति सुनिश्चित गरे/नगरेको | ०-१ | १ | तालिम सम्पन्न प्रतिवेदन, सहभागीहरूको विवरण, सहभागीको छनौट आधार, वार्षिक विकास कार्यक्रम |
| ३.१.३ | तालिमका विषयवस्तुमा महिलाका आवश्यकता तथा सवालहरू समेटिए/नसमेटिएको र प्रस्तुतीकरणमा लैङ्गिक सम्वेदनशील भाषाको प्रयोग भए/नभएको तथा तालिमको गुणस्तर, सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिए/नलिएको | ०-१ | ०.५ | तालिम सम्पन्न प्रतिवेदन; तालिम म्यानुअल; तालिम मूल्याङ्कन प्रतिवेदन; तालिम आवश्यकता पहिचान प्रतिवेदन |
| ३.१.४ | स्थानीय तहमा महिला तथा लक्षित समूहका पदाधिकारीको क्षमता अभिवृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरू (प्राविधिक तालिम, क्षमता विकास, नेतृत्व विकासको तालिम, भ्रमण आदि) मा वजेट विनियोजन भई कार्यक्रम संचालन भए/नभएको | ०-१ | ०.५ | वार्षिक विकास कार्यक्रम; तालिम सम्पन्न प्रतिवेदन; क्षमता विकास कार्ययोजना; तालिम मूल्याङ्कन प्रतिवेदन; वार्षिक प्रगति प्रतिवेदन |
| ३.१.५ | स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम संचालन लगायतका कार्यक्रम कार्यान्वयन गर्न सक्ने यथेष्ट जनशक्ति भए/नभएको | ०-१ | १ | विषयवस्तुको जानकारी भएका कर्मचारी/पदाधिकारीको विवरण; विषयगत तालिम प्राप्त जनशक्ति विवरण; स्थानीय स्तरमा प्राप्त विज्ञहरूको सूची(रोष्टर) |
| ३.१.६ | स्थानीय तहमा मानव संसाधन विकास केन्द्र/शाखा/इकाइको व्यवस्था भए/नभएको र ति निकायमा जनशक्ति व्यवस्था गरे/नगरेको | ०-१ | ० | संगठन संरचना; कार्यरत जनशक्तिको शाखागत विवरण |
| ३.१.७ | स्थानीय तहमा महिला र लक्षित समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन कार्यक्रम रहे/नरहेको र सो कार्यक्रम कार्यान्वयन भए/नभएको | ०-१ | ०.५ | वार्षिक विकास कार्यक्रम; कार्यक्रम सम्पन्न प्रतिवेदन; सहभागी छनौटका आधारहरू; वार्षिक प्रगति प्रतिवेदन |

| सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्त अङ्क | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|
| ३.१.८ | बेइजिङ्ग घोषणापत्रका प्रतिवद्धता सम्बन्धमा पदाधिकारी/कर्मचारीलाई जानकारी र अभिमुखीकरण | ०-१ | ०.५ | वार्षिक प्रगति प्रतिवेदन; अभिमुखीकरण विवरण |
| **३.२** | **औपचारिक मुल्य, मान्यता र कुसंस्कार-४** | **४** | **२.५** | |
| ३.२.१ | महिला विरुद्ध हुने सबै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रमका लागि बजेट | ०-१ | ०.५ | वार्षिक विकास कार्यक्रम; प्रगति प्रतिवेदन |
| ३.२.२ | लैङ्गिक हिंसा मुक्त गाउँ/नगरपालिका घोषणा र शून्य सहनशीलताको नीति लिए/नलिएको । | ०-१ | ० | घोषणा मिति र उजुरी दर्ता संख्या |
| ३.२.३ | स्थानीय तहले महिला विरुद्ध हुने सबै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रमहरू संचालन गरे/नगरेको । | ०-१ | १ | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| ३.२.४ | समाजमा रहेका विभिन्न सामाजिक कुरीति (छुवाछुत, छाउपडी, बाल विवाह, दाइजो आदि) हटाउन कार्यक्रम संचालन गरे/नगरेको । | ०-१ | १ | वार्षिक प्रगति प्रतिवेदन |
| **३.३** | **कानूनी साक्षरता-४** | **४** | **३.५** | |
| ३.३.१ | स्थानीय तहका महिला तथा समावेशी समूहबाट निर्वाचित भएका जनप्रतिनिधि र कार्यरत कर्मचारीलाई नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकार वित्त व्यवस्थापन ऐन, कर्मचारी समायोजन ऐन, मुलुकी संहिताहरू, बिषयगत कानूनहरू, स्थानीय तहले जारी गरेका कानूनहरू र अन्य प्रचलित महत्वपूर्ण कानूनहरूको सम्बन्धमा अभिमुखीकरण गरे/ नगरेको | ०-१ | ०.५ | वार्षिक विकास कार्यक्रमकार्यक्रम सम्पन्न प्रतिवेदनवार्षिक प्रगति प्रतिवेदनसहभागीहरूको विवरणअभिमुखीकरण कार्यक्रमको विषयवस्तु |
| ३.३.२ | स्थानीय तहका कार्यपालिका सदस्य, सभाका सदस्य र प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखलाई कानूनको मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया र समस्या समाधान लगायतका बिषयवस्तु उपर अभिमुखीकरण गरे/नगरेको | ०-१ | १ | • वार्षिक विकास कार्यक्रम• कार्यक्रम सम्पन्न प्रतिवेदन• वार्षिक प्रगति प्रतिवेदन• सहभागीहरूको विवरण• अभिमुखीकरण कार्यक्रमको विषयवस्तु |
| ३.३.३ | स्थानीय तहका प्रत्येक वडामा महिलाका लागि कानूनी सचेतना सम्बन्धी अनुशिक्षण कार्यक्रम (कानूनी हक अधिकार, एकल महिला, मानव बेचविखन, छाउपडी प्रथा, यौनहिंसा, आदि) संचालन भए/नभएको । | ०-१ | १ | • वार्षिक विकास कार्यक्रम• कार्यक्रम सम्पन्न प्रतिवेदन• वार्षिक प्रगति प्रतिवेदन• सहभागीहरूको विवरण• अभिमुखीकरण कार्यक्रमको विषयवस्तु |

| सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्त अङ्क | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|
| ३.३.४ | स्थानीय तहमा महिलाको लागि संचालित कानूनी सचेतना सम्बन्धी अनुशिक्षण कार्यक्रम (कानूनी हक अधिकार, एकल महिला, मानव बेचविखन, छाउपडी प्रथा, यौनहिंसा, आदि) बाट उनीहरु लाभान्वित भए/नभएको । | ०-१ | १ | • तालीम पूर्वको परीक्षा (pre test) र तालीम पश्चात परीक्षा (post test) प्रतिवेदन• वार्षिक विकास कार्यक्रम• तालिम सम्पन्न प्रतिवेदन• वार्षिक प्रगति प्रतिवेदन• सहभागीहरूको विवरण• अनुशिक्षण कार्यक्रमको विषयवस्तु |
| **३.४** | **विपद व्यवस्थापनमा सहभागिता-४** | ४ | ३.५ | |
| ३.४.१ | स्थानीय तहले विपद व्यवस्थापन सम्बन्धी मापदण्ड, रणनीति, कार्यनीति लगायत कार्यविधि तयारी गर्दा महिला तथा लक्षित वर्ग वा समुदायसँग परामर्श गरे/ नगरेको र यस्ता दस्तावेजमा उक्त वर्ग र समुदायलाई लक्षित गरी विशेष राहत र महिला पुरुषलाई अलग अलग संरक्षणको प्रावधान राखे/नराखेको । | ०-१ | १ | • विपद व्यवस्थापन सम्बन्धी मापदण्ड, रणनीति, कार्यनीति तथा कार्यविधि• परामर्श कार्यक्रमको उपस्थिति पुस्तिका |
| ३.४.२ | स्थानीयतहमा विपद सम्बन्धी तथ्याङ्क सङ्कलन, नक्साङ्कन तथा व्यवस्थापन गर्दा प्रभावित महिला तथा लक्षित वर्ग वा समुदाय समेतको खण्डीकृत तथ्याङ्क राखी आपतकालीन कार्य सञ्चालन तथा राहत वितरण गरे/नगरेको । | ०-१ | ०.५ | • स्थानीयतहको विपद व्यवस्थापन तथा जोखिम न्यूनीकरण सम्बन्धी दस्तावेज• विपद प्रभावित महिला तथा लक्षित वर्ग वा समुदायको खण्डीकृत तथ्याङ्क विवरण तथा नक्शांकन• आपतकालीन कार्य सञ्चालन तथा राहत वितरणको सूची । |
| ३.४.३ | समुदायमा आधारित विपद व्यवस्थापन सम्बन्धी कार्य संचालन गर्दा प्रभावित महिला तथा लक्षित वर्ग वा समुदायलाई सहभागी गराई उनीहरूलाई पहिलो प्राथमिकतामा राखे/नराखेको । | ०-१ | १ | • प्राथमिकता दिईएका आधारहरु तथा सहभागी विवरण• विपद प्रभावित महिला तथा लक्षित वर्ग वा समुदायको खण्डीकृत तथ्याङ्क विवरण तथा नक्शांकन• वार्षिक विकास कार्यक्रम• वार्षिक प्रगति प्रतिवेदन |
| ३.४.४ | विपद व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा लक्षित वर्ग वा समुदायको सहभागितामा निर्णय हुने गरे/नगरेको । | ०-१ | १ | • विपद व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन कार्यविधि• विपद प्रभावित महिला तथा लक्षित वर्ग वा समुदायको खण्डीकृत तथ्याङ्क विवरण तथा नक्शांकन• निर्णय पुस्तिका• उपस्थिति विवरण |

| सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्त अङ्क | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|
| ४ | **सेवा प्रवाह २०** | २० | १४.५ | |
| ४.१ | **पूर्वाधार विकास-४** | ४ | ३.० | |
| ४.१.१ | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना निर्माणको लागि ड्रइङ, डिजाइन, लागत अनुमान तयार गर्दाका बखत संरचना निर्माण भएपछि महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिले निर्बाध प्रयोग गर्न सकिने गरी लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका र अपाङ्गता मैत्री / संवेदनशील संरचनाको प्रावधान सहित हुने गरे/नगरेको । | ०-१ | १ | • लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका र अपाङ्गता मैत्री / संवेदनशील संरचनाको स्वीकृत ड्रइङ, डिजाइन, तथा लागत अनुमान |
| ४.१.२ | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा संरचनाहरु, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक पूर्वाधार सम्बन्धी भवन र अन्य संरचनाहरू निर्माण गर्दा महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गतामैत्री तथा बालमैत्री दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी निर्माण गरे/नगरेको । | ०-१ | ०.५ | • लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका र अपाङ्गता मैत्री / संवेदनशील संरचनाको स्वीकृत ड्रइङ, डिजाइन, तथा लागत अनुमान• संरचनाको कार्यसम्पन्न प्रतिवेदनहरू• स्थलगत अध्ययन तथा अवलोकन प्रतिवेदन । |
| ४.१.३ | स्थानीय तहले १५०० वर्गफिटभन्दा बढी प्लीन्थ क्षेत्रफल भएका निजी तथा सार्वजनिक भवन तथा संरचना निर्माण सम्बन्धी नक्सा स्वीकृत गर्दा महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गतामैत्री तथा बालमैत्री दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी संरचना निर्माण गर्ने प्रावधान सहित स्वीकृति दिने गरे/गरेको तथा सो बमोजिम निर्माण कार्य हुने गरे/नगरेको । | ०-१ | ०.५ | • स्थानीय तहबाट स्वीकृत ड्रइङ, डिजाइन, तथा नक्शा• भवन तथा पूर्वाधार निर्माण सम्पन्न सम्बन्धी स्थलगत अध्ययन तथा अवलोकन प्रतिवेदन |
| ४.१.४ | स्थानीय तहले महिला लगायत लक्षित समुदायलाई लक्ष्य गरी परम्परागत तथा आधुनिक ऊर्जा (जलविद्युत लगायत विभिन्न बैकल्पिक ऊर्जा स्रोतबाट प्राप्त हुने ऊर्जा, सुधारिएको चुलो, आदि) को प्रयोग गर्न प्रोत्साहन गर्ने आयोजनाहरू संचालन गरे/नगरेको। | ०-१ | १ | • प्रोत्साहन गर्ने नीति तथा आयोजनाहरू• वार्षिक विकास कार्यक्रम तथा प्रगति विवरण• स्थलगत अध्ययन तथा अवलोकन प्रतिवेदन |
| ४.२ | **प्रजनन स्वास्थ्य-४** | ४ | २.५ | |

| सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्त अङ्क | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|
| ४.२.१ | प्रजनन स्वास्थ्य सम्बन्धी वार्षिक नीति र कार्यक्रममा गर्भवती महिलालाई जोखिमयुक्त तथा खतरायुक्त काममा नलगाउने व्यवस्था गरी सोको कार्यान्वयन गरे/नगरेको । | ०-१ | १ | • प्रजनन स्वास्थ्य सम्बन्धी स्वीकृत वार्षिक नीति र कार्यक्रम• अध्ययन तथा अनुगमन प्रतिवेदन |
| ४.२.२ | स्थानीय तहको कार्यालय, अस्पताल वा स्वास्थ्य चौकी र सम्भव भएका सार्वजनिक स्थलहरुमा कर्मचारी लगायत सेवाग्राहीलाई लक्षित गरी अलग्गै स्तनपानकक्षको व्यवस्था गरे नगरेको र सो को कार्यान्वयन भए/नभएको । | ०-१ | ०.५ | • अलग्गै स्तनपान कक्षको व्यवस्था• स्तनपान कक्ष संचालन सम्बन्धी निर्णय• शाखागत कार्य विवरण• अनुगमन प्रतिवेदन |
| ४.२.३ | परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा, जनस्वास्थ्य लगायत महिलाहरूको स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरू (सुत्केरी हुँदाको स्वास्थ्य अवस्था सुधार गर्न, किशोरीहरूको लागि प्रजनन र यौन शिक्षा आदानप्रदान गर्न, एचआईभी एड्स, स्तन क्यान्सर, पाठेघरको क्यान्सर र आङ्ग खस्ने लगायतका विषयहरू) संचालन गरे/नगरेको । | ०-१ | १ | वार्षिक विकास कार्यक्रम प्रगति प्रतिवेदन सम्पन्न कार्यक्रम संख्या, पटक तथा सहभागी संख्या, कार्यक्रम संचालन स्थल समेत देखिने गरि तयार गरेको कार्य सम्पन्न प्रतिवेदन |
| ४.२.४ | महिला, आर्थिकरूपले विपन्न घर परिवार लगायत लक्षित समूहको स्वास्थ्य बिमा गर्न सहजीकरण र सहयोग गर्ने कार्यक्रम र बजेट व्यवस्था गरे/नगरेको तथा सोको कार्यान्वयन गरे/नगरेको । | ०-१ | ० | आवधिक तथा वार्षिक नीति तथा कार्यक्रम वार्षिक विकास कार्यक्रम वार्षिक प्रगति प्रतिवेदन |
| **४.३** | **शिक्षा कार्यक्रम-४** | **४** | **३.५** | |
| ४.३.१ | स्थानीय तहले आफ्नो क्षेत्र भित्रका विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने प्रबन्ध मिलाए/नमिलाएको र सो उमेर समूहका सबै बालबालिकाहरु विद्यालय भर्ना भए/नभएको । | ०-१ | ०.५ | विद्यालयमा भर्ना गराउने सम्बन्धी निर्णय विद्यालय जाने उमेर समूहगत विद्यार्थी भर्ना दर अध्ययन प्रतिवेदन |
| ४.३.२ | स्थानीय तहले आफ्नो क्षेत्र भित्रका आर्थिक अवस्था कमजोर भएका परिवारका बालबालिका तथा लक्षित समुदायका सबै बालबालिकालाई दिवा खाजा, निशुल्क पाठ्यपुस्तक, शैक्षिक सामाग्री तथा पोसाक र छात्रवृत्तिको व्यवस्था गरी निष्पक्ष वितरण हुने प्रवन्ध मिलाए/नमिलाएको । | ०-१ | १ | वार्षिक विकास कार्यक्रम कार्यक्रम संचालन निर्देशिका बालबालिका छनौटका आधारहरु तथा निर्णय कार्य सम्पन्न प्रतिवेदन |

| सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्त अङ्क | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|
| ४.३.३ | निरक्षर महिलाहरूको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरू संचालन गर्ने नीति तथा वजेट र कार्यक्रम भए/नभएको तथा सो अनुरूप कार्यक्रमहरू (जस्तैः अभिभावक शिक्षा, प्रौढ तथा किशोरी कक्षा, आदि) कार्यान्वयन भए/नभएको । | ०-१ | ०.५ | स्वीकृत आवधिक तथा वार्षिक नीति तथा कार्यक्रम वार्षिक विकास कार्यक्रम प्रगति विवरण कार्यक्रम सम्पन्न प्रतिवेदन निरक्षर महिला सम्बन्धी अभिलेख, सहभागी छनौटका आधारहरु तथा सम्बद्ध निर्णय |
| ४.३.४ | विद्यालयमा छात्र र छात्रा तथा यौनिक अल्पसंख्यकका लागि छुट्टा छुट्टै शौचालय, पानीको व्यवस्था, किशोरी छात्राको लागि सेनेटरी प्याड, साबुन लगायत आवश्यक सामाग्रीको व्यवस्थाको साथै यौन शिक्षा तथा सहजीकरण कार्यक्रम संचालन हुने गरे/नगरेको | ०-१ | १ | वार्षिक नीति तथा योजना र सम्बद्ध निर्णयहरू विद्यालयको वार्षिक योजना स्थलगत अनुगमन प्रतिवेदन कार्य सम्पन्न प्रतिवेदन |
| **४.४** | **खानेपानी तथा सरसफाइ-४** | **४** | **३.५** | |
| ४.४.१ | स्थानीयतहका कार्यालय तथा सार्वजनिक स्थलहरूमा सफा पिउने पानी, हात धुने व्यवस्था, महिला, पुरुष तथा यौनिक अल्पसंख्यकको लागि अलग्गै शौचालयको व्यवस्था र साबुन तथा स्यानिटाइजर, आदिको प्रवन्ध गरे/नगरेको । | ०-१ | १ | वार्षिक नीति तथा योजना र सम्बद्ध निर्णयहरू वार्षिक विकास कार्यक्रम र प्रगति विवरण स्थलगत अनुगमन प्रतिवेदन कार्य सम्पन्न प्रतिवेदन |
| ४.४.२ | स्थानीय तहको आयोजना तथा स्थानीय महिलाहरूको सक्रिय सहभागितामा वडा वडामा खुला दिसामुक्त पालिका, घरघरमा शौचालय, पिउने पानी, पोखरी टोल सफाइ अभियान जस्ता कार्यक्रम सञ्चालन हुने गरे/ नगरेको । | ०-१ | १ | वार्षिक नीति तथा योजना र सम्बद्ध निर्णयहरू वार्षिक विकास कार्यक्रम र प्रगति विवरण स्थलगत अनुगमन प्रतिवेदन कार्य सम्पन्न प्रतिवेदन उपभोक्ता समिति गठन सम्बन्धी निर्णय र सोमा महिलाहरूको सहभागिताको अवस्था, आदि । |
| ४.४.३ | स्थानीय तहका सबै गाउँ, वस्ती तथा टोलटोलमा कुहिने र नकुहिने घरायसी फोहोर छुट्याउने व्यवस्था, फोहोर संकलन तथा विसर्जन, घरघरमा भान्छाको फोहोर र पानीबाट करेसाबारी, कौसीखेती तथा गमला र फुलबारी जस्ता कार्यक्रममा महिला र पुरूषको समान सहभागिता अभिवृद्धि गर्न जनचेतना लगायत कार्यक्रम सञ्चालन हुने गरे/नगरेको । | ०-१ | ०.५ | वार्षिक नीति तथा योजना र सम्बद्ध निर्णयहरू वार्षिक विकास कार्यक्रम र प्रगति विवरण स्थलगत अनुगमन प्रतिवेदन कार्य सम्पन्न प्रतिवेदन उपभोक्ता समिति गठन सम्बन्धी निर्णय र सोमा महिलाहरूको सहभागिताको अवस्था, आदि । जनचेतना अभिवृद्धि कार्यक्रमको स्वीकृत बजेट र सञ्चालन प्रतिवेदन, आदि । |

| सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्त अङ्क | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|
| ४.४.४ | स्थानीय तहका गाउँ, टोल, वस्तीहरूमा सफापानीको सहज व्यवस्थाका लागि आकासेपानी संकलन र भण्डारण, परंपरागत इनार र कुवाको पुनर्जीविकरण र रिचार्जिंग जस्ता कार्यक्रम स्वीकृत भए/नभएको र ति कार्यक्रम सञ्चालन गर्दा स्थानीय महिलाहरूको सक्रिय सहभागितामा हुने गरे/नगरेको । | ०-१ | १ | वार्षिक नीति तथा योजना र सम्बद्ध निर्णयहरू वार्षिक विकास कार्यक्रम र प्रगति विवरण स्थलगत अनुगमन प्रतिवेदन कार्य सम्पन्न प्रतिवेदन उपभोक्ता समिति गठन सम्बन्धी निर्णय र सोमा महिलाहरूको सहभागिताको अवस्था, आदि । |
| **४.५** | **स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन-४** | **४** | **२.०** | |
| ४.५.१ | स्थानीय तहको आवधिक योजना, वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा बेरोजगारी र गरीबी नक्साङ्कन समेतको आधार लिई महिला तथा लक्षित समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरू समावेश गरी कार्यान्वयन गरे/नगरेको । | ०-१ | ०.५ | आवधिक योजना, वार्षिक नीति तथा योजना र सम्बद्ध निर्णयहरू वार्षिक विकास कार्यक्रम र प्रगति विवरण कार्य सम्पन्न प्रतिवेदन |
| ४.५.२ | स्थानीय तहले स्वरोजगार तथा वैदेशिक रोजगारीमा जाने महिला तथा लक्षित समूहको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयन गरे/नगरेको । | ०-१ | ०.५ | वार्षिक नीति तथा योजना र सम्बद्ध निर्णयहरूवार्षिक विकास कार्यक्रम र प्रगति विवरणकार्य सम्पन्न प्रतिवेदन |
| ४.५.३ | ग्रामीण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, खाद्य प्रविधी, वन, स्वास्थ्य र पूर्वाधार लगायतका विषय सम्बन्धी प्राविधिक) र सामाजिक परिचालक तयार गर्ने नीति लिई सो अनुरूप कार्यक्रम संचालन गरे/नगरेको । | ०-१ | ०.५ | आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रमवार्षिक विकास कार्यक्रम र प्रगति विवरणसहभागी छनौटका आधारकार्यक्रम सम्पन्न प्रतिवेदन(प्राविधिक विषय, संचालन अवधि, सामाजिक परिचालक तथा प्राविधिकको संख्या) |
| ४.५.४ | गरिब तथा लक्षित समूहको पहुँच र क्रयशक्ति अनुरूप सुपथमूल्य सहकारी पसलहरूको व्यवस्थापन गर्ने स्थानीय तहको नीति रहे/नरहेको र सो अनुरूप कार्यक्रम कार्यान्वयन भए/नभएको। | ०-१ | ०.५ | * सहकारी संस्था प्रवर्धन सम्बन्धी नीति<br>* वार्षिक नीति तथा कार्यक्रम<br>* वार्षिक विकास कार्यक्रम र प्रगति विवरण<br>* कार्यक्रम सम्पन्न प्रतिवेदन<br>* कार्यक्रम अनुगमन प्रतिवेदन |
| **५** | **सुशासन तथा उत्तरदायित्व २०** | **२०** | **१३.५** | |
| **५.१** | **सुशासन-४** | **४** | **३.०** | |

| सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्त अङ्क | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|
| ५.१.१ | स्थानीय तहले सेवा प्रवाह, विकास निर्माण र सुशासन प्रवर्द्धनका बिषयमा नीति, कानून जारी गरी सोही बमोजिम तोकिएका पदाधिकारी/ समिति/ कार्यदलबाट निर्णय गरी कार्य गर्ने गरेको वा तदर्थ (पटकै/स्वेच्छानुरूप) निर्णय गरी कार्य हुने गरेको। | ०-१ | १ | *स्थानीय तहले सेवा प्रवाह, विकास निर्माण र सुशासन प्रवर्द्धनका बिषयमा जारी गरेका नीति तथा कानून* सम्बन्धित अधिकारीबाट भएका निर्णयहरू* निर्णय प्रक्रिया तथा कार्य जिम्मेवारी सहितको कार्य विवरण |
| ५.१.२ | स्थानीय तहले विधिको शासन प्रवर्द्धन, जनसहभागिता अभिवृद्धि, भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता, सेवा प्रवाहमा निष्पक्षता र महिला तथा लक्षित समूहलाई अग्राधिकार दिने नीति लिई सो बमोजिम कार्यान्वयन गरे/नगरेको। | ०-१ | १ | *सम्बद्ध कानून, नीति तथा कार्यविधि* वार्षिक विकास कार्यक्रम* सार्वजनिक सुनुवाई, गुनासो सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, लेखा परीक्षण, व्यवस्थापन परीक्षण लगायतका प्रतिवेदन* कार्यक्रम कार्यान्वयन प्रतिवेदन* कार्यक्रमको उपस्थिति पुस्तिका |
| ५.१.३ | महिला अधिकार तथा समानताका लागि भएका बेइजिङ घोषणा पत्रका बाहवटा प्रतिवद्धताहरूका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गर्ने गरेको/नगरेको। | ०-१ | ०.५ | *स्वीकृत नीति तथा कार्यक्रम* वार्षिक विकास कार्यक्रम* कार्यक्रम सम्पन्न प्रतिवेदन |
| ५.१.४ | संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धि, १९८९ मा उल्लेख भए अनुरूपका प्रतिवद्धता कार्यान्वयन गर्न रकम विनियोजन गरी कार्यक्रम संचालन गरे/नगरेको। | ०-१ | ०.५ | *नीति तथा कार्यक्रम* वार्षिक विकास कार्यक्रम<br>*कार्यक्रम सम्पन्न प्रतिवेदन |
| **५.२** | **उत्तरदायित्व र जवाफदेहिता-४** | **४** | **३.५** | |
| ५.२.१ | स्थानीय तहले नियमितरुपमा कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण गर्ने गरे/नगरेको। | ०-१ | १ | *सम्बद्ध कानून, नीति तथा कार्यविधि * वार्षिक विकास कार्यक्रम * सार्वजनिक सुनुवाई, गुनासो सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, लेखा परीक्षण, व्यवस्थापन परीक्षण लगायतका प्रतिवेदन * कार्यक्रम कार्यान्वयन प्रतिवेदन * कार्यक्रमको उपस्थिति पुस्तिका |

| सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्त अङ्क | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|
| ५.२.२ | स्थानीय तहले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित समूहका व्यक्ति तथा समुदायका सदस्यको उपस्थिति रहने गरे/नगरेको | ०-१ | १ | * वार्षिक विकास कार्यक्रम * सार्वजनिक सुनुवाई, गुनासो सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, लेखा परीक्षण, व्यवस्थापन परीक्षण लगायतका प्रतिवेदन * कार्यक्रम कार्यान्वयन प्रतिवेदन * कार्यक्रमको उपस्थिति पुस्तिका |
| ५.२.३ | स्थानीय तहले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित समुदायको तर्फबाट स्थानीय तहले लिएको नीति तथा कार्यक्रम र सो को कार्यान्वयनका विषयमा प्रश्न उठ्ने गरे/नगरेको र सोको अभिलेख राखी उठेका प्रश्नउपर स्थानीय तहबाट सम्बोधन हुने गरे/नगरेको । | ०-१ | ०.५ | * वार्षिक विकास कार्यक्रम * सार्वजनिक सुनुवाई, गुनासो सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, लेखा परीक्षण, व्यवस्थापन परीक्षण लगायतका प्रतिवेदन * कार्यक्रम कार्यान्वयन प्रतिवेदन* कार्यक्रमको उपस्थिति पुस्तिका * अभिलेख पुस्तिका * गुनासो कार्यान्वयन प्रतिवेदन |
| ५.२.४ | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याए/नल्याएको। | ०-१ | १ | * स्वीकृत आचार संहिता* आचार संहिताको पालना सम्बन्धी अध्ययन वा अनुगमन प्रतिवेदन |
| **५.३** | **सूचना तथा संचार-४** | ४ | ३.० | |
| ५.३.१ | स्थानीय तहले नियमितरुपमा समग्र वार्षिक योजना तथा कार्यक्रम सार्वजनिक गर्ने गरे/नगरेको र महिला, लगायत अन्य सबै लक्षित समूहका लागि राखिएका कार्यक्रम तथा सोको बजेट सरोकारवालाले थाहा पाउनेगरी सार्वजनिक गरे/नगरेको। | ०-१ | १ | * वार्षिक विकास कार्यक्रम * सार्वजनिक सुनुवाई, गुनासो सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, लेखा परीक्षण, व्यवस्थापन परीक्षण लगायतका प्रतिवेदन * कार्यक्रम कार्यान्वयन प्रतिवेदन * कार्यक्रमको उपस्थिति पुस्तिका * अभिलेख पुस्तिका |
| ५.३.२ | स्थानीय तहले स्थानीय सूचना सबैले बुझ्ने गरी स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने गरे/ नगरेको। | ०-१ | १ | * नीति तथा कार्यक्रम * वार्षिक विकास कार्यक्रम * स्थानीय भाषाका प्रसारित सामाग्रीहरुको अभिलेख * कार्यक्रम प्रगति विवरण |
| ५.३.३ | स्थानीय तहले स्थानीय रेडियो, एफ.एम, छापा लगायत श्रव्यदृश्य समेतका सबै माध्यमद्वारा लैंगिक समानता तथा समावेशीकरण सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसूचित गरे/नगरेको | ०-१ | ०.५ | * नीति तथा कार्यक्रम * वार्षिक विकास कार्यक्रम * प्रसारित सामाग्रीहरूको अभिलेख तथा विवरण * कार्यक्रम प्रगति विवरण |

| सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्त अङ्क | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|
| ५.३.४ | स्थानीय तहमा महिला लगायत सबै लक्षित समूहमा सूचना, शिक्षा तथा संचारसम्बन्धी कार्यक्रमको प्रवाहबाट जनचेतना वृद्धि भएको/नभएको । | ०-१ | ०.५ | * सहभागी तालिम/कार्यक्रम पूर्वको मूल्याङ्कन प्रतिवेदन र तालिम पश्चातको मूल्याङ्कन प्रतिवेदन (Pre test and Post test) * कार्यक्रमको प्रभावकारिता अध्ययन प्रतिवेदन। * स्थलगत अध्ययन प्रतिवेदन। |
| **५.४** | **अनुगमन तथा मूल्याङ्कन-४** | ४ | २.० | |
| ५.४.१ | स्थानीय तहबाट संचालित कार्यक्रम तथा परियोजनाबाट सबै लक्षित वर्ग तथा समुदायले लाभ लिन सके/नसकेको । | ०-१ | ०.५ | * स्थलगत अनुगमन प्रतिवेदन* कार्यक्रमको सार्वजनिक सुनुवाई तथा परीक्षण प्रतिवेदन* कार्यक्रम सम्पन्न प्रतिवेदन* कार्यक्रमको प्रभावकारिता अध्ययन प्रतिवेदन |
| ५.४.२ | स्थानीय तहले संचालन गरेका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्दा सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गरे/नगरेको । | ०-१ | ०.५ | * स्थलगत अनुगमन प्रतिवेदन * कार्यक्रमको सार्वजनिक सुनुवाई तथा परीक्षण प्रतिवेदन * कार्यक्रम सम्पन्न प्रतिवेदन * कार्यक्रमको प्रभावकारिता अध्ययन प्रतिवेदन * कार्यक्रम कार्यान्वयन लाभ, असर र प्रभाव विश्लेषण भएको प्रतिवेदन |
| ५.४.३ | स्थानीय तहको समीक्षा बैठकमा महिला लगायत सबै लक्षित वर्ग तथा समुदायको उपस्थितिमा उक्त वर्गसँग सम्बन्धित लक्षित कार्यक्रम उपर छलफल हुने गरे/नगरेको । | ०-१ | ०.५ | * वार्षिक विकास कार्यक्रम * सहभागी छनौटका आधार * उपस्थिति पुस्तिका * समीक्षा बैठकको निर्णय तथा प्रतिवेदन |
| ५.४.४ | अनुगमन तथा मूल्याङ्कनको पृष्ठपोषणलाई सम्बोधन गरी योजना तथा कार्यक्रम तयार गरे/नगरेको । | ०-१ | ०.५ | * अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन * वार्षिक योजना तथा कार्यक्रम |
| **५.५** | **समन्वय र सम्बन्ध विस्तार-४** | ४ | २.० | |
| ५.५.१ | स्थानीय तहले संघ र प्रदेश सरकारले तय गरेका नीति, कानून तथा कार्यक्रमहरूको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गरे/नगरेको। | ०-१ | ०.५ | * स्थानीय तहको वार्षिक नीति तथा कार्यक्रम * संघ र प्रदेश सरकारका सम्बद्ध नीति तथा कानून र कार्यविधि * समन्वय र सहकार्यमा संचालित कार्यक्रमको सूची * संघ र प्रदेश सरकारका कार्यक्रममा स्थानीय तहको सहभागिता र संलग्नता सम्बन्धी कार्यक्रम सम्पन्न प्रतिवेदन |

| सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्त अङ्क | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|
| ५.५.२ | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच सञ्जाल निर्माण भई कार्यगत छलफल हुने गरे/नगरेको। | ०-१ | ०.५ | * कानून, नीति तथा कार्यविधि, आदिमा संजाल निर्माण सम्बन्धी व्यवस्था * सञ्जाल निर्माणको निर्णय * छलफलको निर्णय पुस्तिका |
| ५.५.३ | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच कार्यगत संयन्त्र (संजाल) का प्रतिनिधिहरूलाई क्षमता विकास तालिम प्रदान गरे/नगरेको। | ०-१ | ०.५ | * वार्षिक बजेट तथा कार्यक्रम * संजालका प्रतिनिधिहरूको विवरण * तालिम संख्या र उपस्थिति |
| ५.५.४ | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको राष्ट्रिय कार्ययोजना लगायतमा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन गरी कार्यान्वयन गरे/नगरेको। | ०-१ | ०.५ | * वार्षिक नीति, योजना र बजेट * कार्यक्रम कार्यान्वयन प्रगति विवरण |
| | **जम्मा** | १०० | ७४.० | |

## २.२.१०. सरूमारानी गाउँपालिकाको लै.स.सा.स. सवल, सुधार गर्नु पर्ने पक्ष, अवसर र चुनौतिहरू

सरूमारानी गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा प्रत्येक सूचकहरूमा प्राप्त नतिजाको विस्तृत विवरण यस प्रकार रहेको छ ।

| सबल पक्ष (Strengths) | सुधार गर्नुपर्ने पक्ष (Weaknesses) |
|---|---|
| • योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा उच्च नतिजा (९३.७५%)।<br>• नीति निर्माणमा समावेशी सिद्धान्त र सहभागिताको राम्रो सुनिश्चितता (८७.५०%)।<br>• गाउँपालिकाको आन्तरिक दैनिक कार्यप्रणाली र बैठकहरू पूर्ण रूपमा विभेदरहित हुनु (१००.००%)।<br>• शिक्षा कार्यक्रम, खानेपानी, र कानूनी साक्षरतामा प्रभावकारी कार्यसम्पादन (८७.५०%)। | • लैङ्गिक तथा सामाजिक रूपमा वर्गीकृत डिजिटल प्रोफाइलको अभाव (५०.००%)।<br>• महिला र लक्षित वर्गलाई उद्यमी बनाउने र बजार व्यवस्थापन गर्ने ठोस कार्यक्रमको कमी (५०.००%)।<br>• योजनाहरूको जीईएसआई (GESI) दृष्टिकोणबाट नियमित अनुगमन नहुनु (५०.००%)।<br>• सरोकारवाला संघसंस्थाहरूसँगको सहकार्य र सम्बन्ध विस्तार प्रभावकारी नहुनु (५०.००%)।<br>• विभिन्न समिति, उपसमिति र पदाधिकारीहरूमा |

| | |
|---|---|
| • नागरिकका गुनासो सुनुवाइ र सार्वजनिक सुनुवाइ प्रणाली व्यवस्थित हुनु (८७.५०%)। | लक्षित वर्गको प्रतिनिधित्वलाई अझै सुदृढ गर्नुपर्ने (६२.५०%)। |
| **अवसरहरू (Opportunities)** | **चुनौतीहरू (Threats)** |
| • पहिल्यै तयार भएको बलियो नीतिगत जगमा टेकेर व्यावहारिक कार्यक्रमहरू सजिलै अघि बढाउन सकिने।<br>• कानूनी साक्षरता र उत्तरदायित्व राम्रो भएकाले विकासमा जनतालाई परिचालन गर्न सजिलो हुने।<br>• आधुनिक प्रविधिको प्रयोग गरी पालिकाभित्रका लक्षित वर्गको यथार्थ डिजिटल तथ्याङ्क (Disaggregated Data) तुरुन्त तयार गर्न सकिने सम्भावना।<br>• संस्थागत समन्वय चुस्त बनाएमा यस क्षेत्रमा कार्यरत गैरसरकारी तथा दातृ निकायहरूबाट थप बजेट र प्राविधिक सहयोग भित्र्याउन सकिने। | • समाजमा जगडिएर रहेका हानिकारक अभ्यास र रुढीवादी मूल्यमान्यतालाई परिवर्तन गर्न समय लाग्ने (६२.५०%)।<br>• नीतिगत तहको उत्कृष्ट प्रदर्शन (८७.५%) लाई अनुगमन र स्वरोजगार जस्ता व्यावहारिक क्षेत्र (५०%) मा अनुवाद गर्न बजेट तथा दक्ष जनशक्तिको अभाव हुनु।<br>• विपन्न र सीमान्तकृत वर्गलाई परम्परागत तालिममा मात्र अल्झाएर बजार प्रतिस्पर्धी र पूर्ण आत्मनिर्भर बनाउन गाह्रो हुनु।<br>• कमजोर अनुगमन र तथ्याङ्क अभावका कारण समावेशी विकासका राष्ट्रिय लक्ष्यहरू समयमै हासिल गर्न चुनौतीपूर्ण हुने। |

# परिच्छेद ३

## लै.स.सा.स. परीक्षणबाट प्राप्त प्रमुख तथ्यहरूको विश्लेषण

### २.१. लैससास क्षेत्रमा अवलम्बन गरिएका असल अभ्यासहरू

- **छोरी पेवा र अपाङ्गता सहयोगः** छोरी पेवा बचत, 'ग' वर्गका अपाङ्गता भएका व्यक्ति र अनाथ बालबालिका सहयोग कार्यक्रमलाई निरन्तरता दिने नीति रहेको।
- **लैङ्गिक हिंसा विरुद्ध सचेतनाः** लैङ्गिक हिंसा मुक्त गाउँपालिकाको अवधारणा अनुरूप लैङ्गिक हिंसा लगायत सबै प्रकारका हिंसा र विभेद विरुद्ध सचेतना कार्यक्रम सञ्चालन गर्ने नीति रहेको।
- **लक्षित वर्गमैत्री स्वास्थ्य संस्थाः** गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरूलाई किशोर-किशोरी, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकमैत्री संस्थाको रूपमा विकास गर्दै लैजाने नीति तथा कार्यक्रम रहेको।
- **अन्तर्राष्ट्रिय प्रतिबद्धता अभिमुखीकरणः** महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (CEDAW), बेइजिङ घोषणा पत्रमा उल्लेखित १२ वटा महिला सरोकारका विषयहरू र ILO सन्धि सम्बन्धी अभिमुखीकरण गर्ने नीति तथा कार्यक्रम रहेको।
- **कानुनी शिक्षा र सचेतनाः** बाल विवाह, बालश्रम र बहुविवाह विरुद्धका सचेतना कार्यक्रमलाई समुदाय तहसम्म कानुनी शिक्षाको रूपमा लैजाने नीति तथा कार्यक्रम रहेको।
- **ज्येष्ठ नागरिक स्वास्थ्य उपचारः** ज्येष्ठ नागरिकहरूको उपचार र आँखा शिविर कार्यक्रमलाई निरन्तरता दिने कार्यक्रम रहेको।
- **प्रारम्भिक बाल विकास सुदृढीकरणः** प्रारम्भिक बाल विकास केन्द्रहरूमा आधारभूत शैक्षिक सामग्रीहरूको व्यवस्था गरिने कार्यक्रम रहेको।
- **विशेष आवश्यकता भएका बालबालिकाको शिक्षणः** सुस्त मनस्थिति, बहिरा तथा कमजोर सिकाई क्षमता भएका बालबालिकाको पहिचान गरी उपचारात्मक शिक्षणको व्यवस्था गरिने नीति तथा कार्यक्रम रहेको।
- **मदरसा क्षमता अभिवृद्धिः** मुस्लिम समुदायका छात्राहरूको शिक्षामा सहभागिता वृद्धि गर्न गाउँपालिका भित्र रहेका मदरसाहरूको शिक्षण क्षमता अभिवृद्धि गरिने नीति तथा कार्यक्रम रहेको।

- **सिपमूलक तालिम र स्वरोजगारः** बेरोजगार युवा शक्ति र आर्थिक-सामाजिक रूपले पछाडि परेका लक्षित समूहलाई सिपमूलक तालिम कार्यक्रम मार्फत स्वरोजगार बनाउने नीति रहेको।
- **उद्यमशीलता विकासः** बेरोजगार युवाहरूलाई उद्यमशील बनाई गाउँमै साना तथा घरेलु उद्योग स्थापना गर्न र स्वरोजगार बनाउन उद्यमशीलता तथा सिप विकास तालिमहरू सञ्चालन गर्ने नीति तथा कार्यक्रम रहेको।
- **विपन्न परिवार उत्थानः** अति विपन्न परिवारको जीवनस्तरमा सुधार ल्याउन 'अति विपन्न परिवार उत्थान सम्बन्धी' विशेष कार्यक्रम सञ्चालन गर्ने नीति रहेको।
- **सहकारी र लक्षित वर्ग सशक्तीकरणः** सहकारी संस्था र लक्षित वर्गको क्षमता विकासका लागि विभिन्न सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्ने नीति रहेको।
- **सहकारी मार्फत गरिबी निवारणः** विपन्न वर्गका परिवार सदस्यलाई सहकारीमा आबद्ध गराई रोजगारी सिर्जना र गरिबी निवारणमा टेवा पुग्ने गरी सहकारी क्षेत्रको क्षमता विकास गरिने नीति तथा कार्यक्रम रहेको।
- **कृषि तथा किसान साझेदारीः** "कृषि उत्पादनमा वृद्धि, सरुमारानी गाउँपालिकाको समृद्धि" भन्ने नारालाई किसानको घरघरमा पुऱ्याउनका लागि किसानसँग गाउँसरकार कार्यक्रम र हेफर प्रोजेक्टसँग साझेदारी कार्यक्रमलाई निरन्तरता दिने नीति तथा कार्यक्रम रहेको।
- **खानेपानी पहुँच विस्तारः** आधारभूत खानेपानी तथा सरसफाइबाट विमुख घरपरिवार पहिचान गरी खानेपानी पहुँच विस्तार कार्यक्रमलाई प्रभावकारी बनाउने नीति रहेको।
- **पूर्ण सरसफाइयुक्त गाउँपालिकाः** पूर्ण सरसफाइ उन्मुख कार्यक्रमलाई निरन्तरता दिँदै पूर्ण सरसफाइयुक्त गाउँपालिका बनाउने नीति तथा कार्यक्रम रहेको।
- **लैससास परीक्षणको निरन्तरताः** लैससास (लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण) परीक्षण कार्यक्रमलाई निरन्तरता दिने नीति रहेको।

## ३.२. परीक्षणका मुल विषय तथा सहायक विषमा प्राप्त नजिजाको विस्तृत विश्लेषण

सरूमारानी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) परीक्षणमा गाउँपालिकाले जम्मा १०० पूर्णाङ्कमा ७४.० (७४%) अंक प्राप्त गरेको छ। यसै नतिजाका आधारमा ५ वटा मुख्य विषय र तिनका उप-विषयहरूको विस्तृत विश्लेषण तल प्रस्तुत गरिएको छः

### ३.२.१. नीति, कानून, योजना

यस मुख्य विषयको कुल पूर्णाङ्क २० मा गाउँपालिकाले १७.५० अङ्क अर्थात् ८७.५०% प्राप्त गरेको छ, जसले नीतिगत तहमा गाउँपालिकाको अवस्था निकै सबल रहेको देखाउँछ।

#### ३.२.१.१ नीति र कानूनमा समावेशिता/सहभागिता

यस सहायक विषय अन्तर्गत कुल ८ पूर्णाङ्कमा ७.० अङ्क (८७.५०%) प्राप्त गरेको छ। यस नतिजाले सरूमारानी गाउँपालिकाले आफ्ना स्थानीय नीति, नियम र कानूनहरू निर्माण गर्दा लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सिद्धान्तहरूलाई उच्च प्राथमिकताका साथ समेटेको र सरोकारवालाहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गरेको स्पष्ट पार्दछ।

#### ३.२.१.२ योजना तर्जुमा तथा कार्यान्वयन

योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा गाउँपालिकाको प्रदर्शन उत्कृष्ट देखिन्छ । यस सहायक विषयको ८ पूर्णाङ्कमा गाउँपालिकाले ७.५ अङ्क (९३.७५%) हासिल गरेको छ। यसले गाउँपालिकाका वार्षिक तथा आवधिक योजनाहरू छनोट गर्दा र तिनको कार्यान्वयन लैङ्गिक तथा वर्गमैत्री ढङ्गले लक्षित समुदायको हित हुने गरी व्यवस्थित रूपमा गर्ने गरेको सङ्केत गर्दछ।

#### ३.२.१.३ बजेट तर्जुमा तथा कार्यान्वयन

बजेट तर्जुमा तथा कार्यान्वयनको क्षेत्रमा कुल ४ पूर्णाङ्कमा ३.० अङ्क (७५.००%) प्राप्त गरेको छ। प्रतिशतको हिसाबले यो राम्रो नतिजा भए तापनि योजना तर्जुमाको तुलनामा बजेट विनियोजन र खर्च गर्ने प्रणालीमा लैङ्गिक उत्तरदायी बजेट (GRB) का सूचकहरूलाई पूर्ण रूपमा संस्थागत गर्न अझै थोरै सुधारको आवश्यकता रहेको देखिन्छ।

### ३.२.२. संस्थागत व्यवस्था

संस्थागत व्यवस्था अन्तर्गत कुल २० पूर्णाङ्कमा गाउँपालिकाले १४.५ अङ्क (७२.५०%) प्राप्त गरेको छ। यसले गाउँपालिकाको प्रशासनिक र संगठनात्मक संरचना समावेशीतातर्फ उन्मुख रहेको देखाउँछ।

### ३.२.२.१ कर्मचारी पदाधिकारी प्रतिनिधित्व

यस सहायक विषयमा कुल ४ पूर्णाङ्कमा २.५ अङ्क (६२.५०%) प्राप्त भएको छ। यस नतिजाले गाउँपालिकाका विभिन्न तहका कर्मचारी र जनप्रतिनिधिहरूको पद तथा समितिहरूमा महिला, दलित, जनजाति र अल्पसंख्यकको प्रतिनिधित्व सन्तोषजनक रहे तापनि यसलाई अझै पूर्ण समानुपातिक बनाउन थप प्रयास गर्नुपर्ने आवश्यकता औंल्याउँछ।

### ३.२.२.२ कार्यप्रणाली समावेशी

यस सहायक विषयमा गाउँपालिकाले शतप्रतिशत सफलता हासिल गर्दै ४ पूर्णाङ्कमा ४.० अङ्क (१००.००%) प्राप्त गरेको छ। यस उत्कृष्ट नतिजाले गाउँपालिकाको दैनिक कार्यसञ्चालन, बैठकहरू, निर्णय प्रक्रिया र आन्तरिक वातावरण पूर्ण रूपमा समावेशी, विभेदरहित र GESI मैत्री रहेको प्रमाणित गर्दछ।

### ३.२.२.३ समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व

विभिन्न समिति, उपसमिति र कार्यदलहरूमा प्रतिनिधित्वको सवालमा कुल ४ पूर्णाङ्कमा २.५ अङ्क (६२.५०%) प्राप्त भएको छ। यसले कार्यपालिका र मातहतका विशेष निर्णय गर्ने संयन्त्र वा उपसमितिहरूमा लक्षित र सीमान्तकृत समुदायको प्रतिनिधित्वलाई अझ सुदृढ र अर्थपूर्ण बनाउनुपर्ने अवस्था देखाउँछ।

### ३.२.२.४ वित्त व्यवस्थापन प्रणालीमा समावेशिता

वित्त व्यवस्थापन प्रणालीमा समावेशिताको सवालमा कुल ४ पूर्णाङ्कमा ३.५ अङ्क (८७.५०%) प्राप्त भएको छ। यस नतिजाले गाउँपालिकाको आर्थिक कारोबार, उपभोक्ता समिति गठन, र आर्थिक परिचालनका प्रक्रियाहरूमा समावेशी सहभागिता र पारदर्शितालाई उच्च महत्त्व दिएको स्पष्ट पार्दछ।

### ३.२.२.५ तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन

यस सहायक विषयमा कुल ४ पूर्णाङ्कमा २.० अङ्क (५०.००%) मात्र प्राप्त भएको छ। यो विधा संस्थागत व्यवस्थाकै सबैभन्दा कमजोर पक्ष हो, जसले गाउँपालिकामा लैङ्गिक तथा सामाजिक रूपमा वर्गिकृत (Sex and Disaggregated) तथ्याङ्क सङ्कलन, भण्डारण र आधुनिक व्यवस्थापन प्रणाली कमजोर रहेको र यसमा तत्काल सुधार आवश्यक रहेको देखाउँछ।

### ३.२.३. मानव संसाधन तथा क्षमता विकास

मानव संसाधन तथा क्षमता विकासको मुल विषयमा गाउँपालिकाले कुल २० पूर्णाङ्कमा १४.० अङ्क (७०.००%) प्राप्त गरेको छ, जसले जनशक्तिको क्षमता अभिवृद्धिमा मध्यम सुधार देखाउँछ।

### ३.२.३.१ मानव संसाधन तथा क्षमता विकास

यस सहायक विषय अन्तर्गत ८ पूर्णाङ्कमा ६.५ अङ्क (८१.२५%) प्राप्त भएको छ। यसले गाउँपालिकाले आफ्ना कर्मचारी र सरोकारवालाहरूको वृत्तिविकास तथा क्षमता अभिवृद्धिका लागि सकारात्मक रूपमा तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिरहेको पुष्टि गर्दछ।

### ३.२.३.२ औपचारिक मूल्य, मान्यता र कुसंस्कार

यस क्षेत्रमा कुल ४ पूर्णाङ्कमा २.५ अङ्क (६२.५०%) प्राप्त भएको छ। यस नतिजाले समाजमा विद्यमान परम्परागत कुसंस्कार, हानिकारक अभ्यास र रुढीवादी मूल्यमान्यता विरुद्ध गाउँपालिकाले सचेतनामूलक कार्यहरू गरे तापनि सामाजिक रूपान्तरणका लागि अझै सघन रूपमा कार्यक्रमहरू लैजानुपर्ने सङ्केत गर्दछ।

### ३.२.३.३ कानूनी साक्षरता

कानूनी साक्षरताको सहायक विषयमा कुल ४ पूर्णाङ्कमा ३.५ अङ्क (८७.५०%) प्राप्त भएको छ। यसले गाउँपालिकाले आफ्ना नागरिकहरू, विशेष गरी महिला र विपन्न वर्गलाई उनीहरूको अधिकार, कर्तव्य र कानूनी प्रावधानहरूबारे सचेत गराउन प्रभावकारी भूमिका निर्वाह गरेको देखाउँछ।

### ३.२.३.४ विपद व्यवस्थापनमा सहभागिता

विपद व्यवस्थापनका प्रक्रिया र समितिहरूमा सहभागिताको सवालमा ४ पूर्णाङ्कमा ३.५ अङ्क (८७.५०%) प्राप्त भएको छ। यस नतिजाले विपद पूर्वतयारी, उद्धार र राहत वितरण जस्ता संवेदनशील कार्यहरूमा महिला तथा जोखिममा रहेका समुदायको सहभागिता र उनीहरूको आवश्यकतालाई राम्रोसँग सम्बोधन गरिएको स्पष्ट पार्दछ।

### ३.२.४. सेवा प्रवाह

सेवा प्रवाहको क्षेत्रमा गाउँपालिकाले कुल २० पूर्णाङ्कमा १४.५ अङ्क (७२.५०%) प्राप्त गरेको छ। नागरिकलाई प्रदान गरिने आधारभूत सेवाहरू समावेशी सिद्धान्त अनुरूप नै वितरण भइरहेको यसले देखाउँछ।

#### ३.२.४.१ पूर्वाधार विकास

पूर्वाधार विकासको सहायक विषयमा कुल ४ पूर्णाङ्कमा ३.० अङ्क (७५.००%) प्राप्त भएको छ। यसले गाउँपालिकाले सडक, भवन लगायतका भौतिक पूर्वाधार निर्माण गर्दा अपाङ्गतामैत्री, बालमैत्री र महिलामैत्री दृष्टिकोणलाई प्राथमिकतामा राखेको बुझाउँछ।

#### ३.२.४.२ प्रजनन स्वास्थ्य

प्रजनन स्वास्थ्य सेवा प्रवाहमा कुल ४ पूर्णाङ्कमा २.५ अङ्क (६२.५०%) प्राप्त भएको छ। यो नतिजा सन्तोषजनक भए तापनि ग्रामीण क्षेत्रका महिलाहरूको सुरक्षित मातृत्व र प्रजनन अधिकार सुनिश्चित गर्न स्वास्थ्य सेवाको पहुँच र गुणस्तरमा अझै लगानी बढाउनुपर्ने देखिन्छ।

#### ३.२.४.३ शिक्षा कार्यक्रम

शिक्षा कार्यक्रम अन्तर्गत कुल ४ पूर्णाङ्कमा ३.५ अङ्क (८७.५०%) अङ्क प्राप्त भएको छ। यसले गाउँपालिकाले बालिकाहरूको विद्यालय भर्ना दर बढाउन, छात्रवृत्ति वितरण गर्न र विद्यालयहरूमा लैंगिक मैत्री वातावरण (जस्तै छुट्टै शौचालयको व्यवस्था) तयार गर्न उत्कृष्ट कार्य गरेको सङ्केत गर्दछ।

#### ३.२.४.४ खानेपानी तथा सरसफाइ

खानेपानी तथा सरसफाइको क्षेत्रमा कुल ४ पूर्णाङ्कमा ३.५ अङ्क (८७.५०%) प्राप्त भएको छ। यस नतिजाले स्वच्छ खानेपानीको पहुँच र सरसफाइका योजनाहरू तर्जुमा गर्दा घरेलु श्रमको बढी भार खेप्ने महिलाहरू र सीमान्तकृत बस्तीहरूलाई केन्द्रमा राखेर सेवा विस्तार गरिएको देखाउँछ।

### ३.२.४.५ स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन

यस सहायक विषयमा कुल ४ पूर्णाङ्कमा २.० अङ्क (५०.००%) मात्र प्राप्त भएको छ। यस न्यून नतिजाले गाउँपालिकाले महिला र लक्षित वर्ग केन्द्रित स्वरोजगार, सीपमूलक तालिम, आयआर्जनका अवसर र उनीहरूले उत्पादन गरेका सामग्रीको बजार व्यवस्थापनमा ठोस र प्रभावकारी कार्यक्रमहरू ल्याउन नसकेको र यस क्षेत्रमा विशेष ध्यान दिनुपर्ने स्पष्ट पार्दछ।

### ३.२.५. सुशासन तथा उत्तरदायित्व

सुशासन तथा उत्तरदायित्वको मुल विषयमा गाउँपालिकाले कुल २० पूर्णाङ्कमा १३.५ अङ्क (६७.५०%) प्राप्त गरेको छ। पाँचवटा मुख्य विषय मध्ये यो विषयमा सबैभन्दा कम प्राप्ताङ्क भएको क्षेत्र हो । गाउँपालिकाले पारदर्शिता र जवाफदेहितामा थप काम गर्नुपर्ने देखाउँछ।

### ३.२.५.१ सुशासन

सुशासनको सहायक विषयमा कुल ४ पूर्णाङ्कमा ३.० अङ्क (७५.००%) प्राप्त भएको छ। यस नतिजाले गाउँपालिकाले संस्थागत रूपमा सुशासनका आधारभूत खम्बाहरूलाई अवलम्बन गर्ने प्रयास गरेको र यसलाई अझ बढी नागरिककेन्द्रित र पारदर्शी बनाउनुपर्ने अवस्थालाई इङ्गित गर्दछ।

### ३.२.५.२ उत्तरदायित्व र जवाफदेहिता

यस सहायक विषयमा ४ पूर्णाङ्कमा ३.५ अङ्क (८७.५०%) प्राप्त भएको छ। यस सकारात्मक नतिजाले गाउँपालिकाले नागरिकका गुनासाहरू सुन्ने, सार्वजनिक सुनुवाइ गर्ने र आफ्नो कामकारबाहीप्रति जनताप्रति जवाफदेही बन्ने पद्धतिलाई राम्रोसँग पालना गरिरहेको देखाउँछ।

### ३.२.५.३ सूचना तथा सञ्चार

सूचना तथा सञ्चारको क्षेत्रमा कुल ४ पूर्णाङ्कमा ३.० अङ्क (७५.००%) प्राप्त भएको छ। यसले गाउँपालिकाका सूचना, निर्णय र सेवाहरू नागरिकसम्म पुऱ्याउन सञ्चार माध्यमहरूको प्रयोग गरिए तापनि सूचनाको हकको पूर्ण कार्यान्वयन र सबै वर्गको पहुँचमा सूचना पुऱ्याउन अझै सक्रियता चाहिने देखाउँछ।

### ३.२.५.४ अनुगमन तथा मूल्याङ्कन

अनुगमन तथा मूल्याङ्कनको क्षेत्रमा कुल ४ पूर्णाङ्कमा २.० अङ्क (५०.००%) मात्र प्राप्त भएको छ। यो क्षेत्रको कमजोर नतिजाले गाउँपालिकाद्वारा सञ्चालित योजना र कार्यक्रमहरूको लैङ्गिक तथा सामाजिक दृष्टिकोणबाट नियमित र सघन अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणाली फितलो रहेको र यसमा सुधार नगरिए योजनाहरूको वास्तविक प्रतिफल प्राप्त गर्न कठिन हुने देखिन्छ।

### ३.२.५.५ समन्वय र सम्बन्ध विस्तार

समन्वय र सम्बन्ध विस्तारको सहायक विषयमा पनि कुल ४ पूर्णाङ्कमा २.० अङ्क (५०.००%) मात्र प्राप्त भएको छ। यसले गाउँपालिकाले लैङ्गिक समानता र सामाजिक समावेशीकरणका क्षेत्रमा कार्यरत विभिन्न सङ्घसंस्था, गैरसरकारी क्षेत्र र सरोकारवालाहरूसँग प्रभावकारी समन्वय, सहकार्य र सम्बन्ध विस्तार गर्न नसकेको अवस्थालाई उजागर गर्दछ।

# परिच्छेद ४

## निष्कर्ष तथा सुझावहरू

### ४.१. निष्कर्ष

सरूमारानी गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा कुल १०० पूर्णाङ्कमा ७४.० अङ्क (७४%) प्राप्त गरी समग्रमा सन्तोषजनक र सकारात्मक नतिजा प्रदर्शन गरेको छ। गाउँपालिकाको नीति, कानून तथा योजना तर्जुमा प्रक्रिया (८७.५०%) अत्यन्त सबल र समावेशी सिद्धान्त अनुकूल रहेको देखिन्छ। विशेष गरी 'कार्यप्रणाली समावेशी' विधामा 'शतप्रतिशत (१००%) अङ्क प्राप्त हुनुले गाउँपालिकाको आन्तरिक प्रशासनिक वातावरण र निर्णय प्रक्रिया उच्च रूपमा जीईएसआई (GESI) मैत्री रहेको प्रमाणित गर्दछ। शिक्षा, खानेपानी, र कानूनी साक्षरता जस्ता आधारभूत सेवा प्रवाहमा गाउँपालिकाको नीतिगत र व्यावहारिक प्रयास उदाहरणीय छन्।

यद्यपि, नीतिगत रूपमा बलियो देखिए तापनि कार्यान्वयन र तल्लो तहको नतिजामा केही गम्भीर चुनौतीहरू बाँकी नै छन्। गाउँपालिकामा वर्गीकृत तथ्याङ्क व्यवस्थापनको अभाव, महिला तथा सीमान्तकृत वर्गको आर्थिक आत्मनिर्भरताका लागि स्वरोजगार तथा बजार व्यवस्थापनमा कमजोर ध्यान, र सञ्चालित योजनाहरूको जीईएसआई दृष्टिकोणबाट नियमित अनुगमन तथा मूल्याङ्कन हुन नसक्नु यसका मुख्य कमजोर पक्षहरू हुन्। समग्रमा, गाउँपालिकाले नीतिगत रूपमा हासिल गरेको उपलब्धिलाई व्यवहारमा उतार्न र लक्षित वर्गको जीवनस्तरमा प्रत्यक्ष परिवर्तन ल्याउन केही रणनीतिक क्षेत्रहरूमा थप जोड दिनुपर्ने देखिन्छ।

### २.२. सुझावहरू

गाउँपालिकाको आगामी नीति, बजेट तथा कार्यक्रमहरूलाई अझ बढी समावेशी, समतामूलक र उत्तरदायी बनाउन निम्नलिखित सुझावहरू पेस गरिएको छः

- **वर्गीकृत तथ्याङ्क प्रणाली (Disaggregated Data) को स्थापनाः** ५०% मात्र अङ्क प्राप्त भएको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन क्षेत्रमा सुधार गर्न गाउँपालिकाभित्रका महिला, दलित, अपाङ्गता भएका व्यक्ति र अल्पसङ्ख्यकहरूको स्पष्ट र वर्गीकृत डिजिटल प्रोफाइल तयार गरी योजना तर्जुमाको मुख्य आधार बनाइनुपर्दछ।
- **आर्थिक सशक्तीकरण र स्वरोजगारमा लगानीः** स्वरोजगार, आयआर्जन तथा बजार व्यवस्थापनको क्षेत्र कमजोर देखिएकाले परम्परागत तालिममा मात्र सीमित नभई स्थानीय

स्रोतमा आधारित सीपमूलक तालिम, सहुलियतपूर्ण कर्जा र उत्पादित सामग्रीको बजेटिङ र बजार ग्यारेन्टी गर्ने ठोस कार्यक्रमहरू ल्याइनुपर्दछ।

- **लै.स.सा.स. (GESI) मैत्री दिगो पूर्वाधार र निरन्तर अनुगमन तथा मूल्याङ्कन प्रणाली:** योजना र विकास निर्माणका कार्यहरू स्वीकृत सूचक बमोजिम भए/नभएको जाँच्न कार्यपालिका र अनुगमन समितिलाई क्रियाशील बनाई अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामुखी र सामाजिक परीक्षणसँग जोडिनुपर्दछ। भौतिक पूर्वाधार विकासको दिगोपनाका लागि योजनाहरू लैङ्गिकमैत्री, बालमैत्री र अपाङ्गतामैत्री (Universal Design) हुनुपर्दछ। यसका लागि वार्षिक नीति, कार्यक्रम र बजेटमै पूर्वाधारका मापदण्डहरू तोकिनु पर्दछ। समग्रमा, नियमित लैससास परीक्षणबाट प्राप्त भएका रचनात्मक सुझावहरू र स्वीकृत कार्ययोजनाको प्रभावकारी कार्यान्वयन र सघन अनुगमन हुनु अनिवार्य छ।
- **सरोकारवालाहरूसँगको समन्वय र सम्बन्ध विस्तार:** लैङ्गिक समानताको क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी तथा सामाजिक सङ्घसंस्थाहरूसँगको समन्वय र सहकार्यलाई सुदृढ बनाउँदै स्रोत र साधनको दोहोरोपन (Duplication) रोक्न एकीकृत योजना संयन्त्र निर्माण गरिनुपर्दछ।
- **समानुपातिक प्रतिनिधित्वमा वृद्धि:** विभिन्न समिति, उपसमिति र प्रशासनिक नेतृत्वदायी पदहरूमा महिला तथा सीमान्तकृत समुदायको प्रतिनिधित्वलाई ६२.५०% बाट बढाएर कानुनी व्यवस्था र जनसङ्ख्याको अनुपातका आधारमा अझ अर्थपूर्ण र निर्णायक बनाउन पहल गर्नुपर्दछ।
- **कुप्रथा र सामाजिक चेतनाका कार्यक्रम:** गाउँपालिकाले महिला, अपाङ्गता भएका व्यक्ति, दलित र जनजाति लगायतका सीमान्तकृत वर्गका लागि वार्षिक नीति र कार्यक्रममा क्षमता विकासका कार्यक्रमहरू समावेश गरेको छ। आगामी दिनमा लैङ्गिक, जातिगत तथा परम्परागत गलत सामाजिक अभ्यास र कुरीतिहरू विरुद्ध वडा तहसम्म अझै सघन रूपमा जनचेतनामूलक अभिमुखीकरण र दिवस केन्द्रित सन्देशमूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ। समाजमा व्याप्त हानिकारक परम्परागत कुसंस्कारहरू विरुद्ध विद्यालय तहदेखि नै सचेतना र कानूनी साक्षरताका कार्यक्रमहरूलाई गाउँ-गाउँसम्म अभियानकै रूपमा सञ्चालन गरिनुपर्दछ।
- **वास्तविक आवश्यकतामा आधारित योजना तर्जुमा:** महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, गरिब, बेरोजगार र ज्येष्ठ नागरिक जस्ता लक्षित समूहका आवश्यकता सम्बोधन गर्न गाउँसभाको निर्णय बमोजिम कार्यविधि बनाई कार्यक्रम सञ्चालन सुरु भइसकेको छ। यस असल अभ्यासलाई संस्थागत गर्न आगामी दिनमा योजना तर्जुमा गर्नुपूर्व नै अनिवार्य रूपमा 'लक्षित अन्तर-समूह विश्लेषण' (Inter-sectional Analysis) गरी उनीहरूको वास्तविक मागका आधारमा योजना छनौट गर्ने प्रणाली बसाल्नुपर्दछ।

- **उपभोक्ता समितिमा नेतृत्व विकासः** योजना निर्माणको क्रममा समुदाय तहमा गठन हुने उपभोक्ता समितिहरूमा हाल कम्तीमा ३३ प्रतिशत महिला सहभागिताको कानुनी सीमालाई पार गर्दै ४० प्रतिशतसम्म पुऱ्याइएको अभ्यास प्रशंसनीय छ। यस समावेशी सहभागितालाई निरन्तरता दिँदै निर्णायक भूमिका (जस्तैः अध्यक्ष, सचिव वा कोषाध्यक्ष पद) मा ५० प्रतिशतसम्म सुनिश्चितताका लागि थप नीतिगत व्यवस्था गर्नु आवश्यक छ, जसले पछाडि पारिएका वर्ग र समुदायलाई विकासको मुख्य प्रवाहमा ल्याउन सहज हुनेछ।
- **अनुकूल वातावरण र सेवा प्रवाहः** गाउँपालिकाको संस्थागत संरचना, शासन प्रणाली र सेवा प्रवाहलाई पूर्ण रूपमा लैससासमैत्री बनाउन सकेमा मात्र लक्षित वर्गले प्रत्यक्ष लाभ हासिल गर्न सक्ने अनुकूल वातावरण सिर्जना हुन्छ। यसका लागि नीति तथा कानुन निर्माण र पुनरावलोकन प्रक्रियामा 'लैससास संवेदनशीलता दृष्टिकोण' (GESI Lens) लाई अनिवार्य गरिनुपर्दछ।
- **लैङ्गिक उत्तरदायी बजेट (GRB) प्रणालीको विकासः** लैङ्गिक उत्तरदायी बजेट विनियोजन प्रणालीको सुदृढीकरण मार्फत महिला, पुरुष, यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको व्यवहारिक तथा रणनीतिक आवश्यकता परिपूर्ति गर्न सकिन्छ। यसका लागि गाउँपालिकाले कुल पूँजीगत बजेटको निश्चित प्रतिशत रकम प्रत्यक्ष रूपमा लक्षित वर्ग र वञ्चितीकरणमा परेका समुदायको समावेशी विकासका लागि सुरक्षित गर्ने व्यवस्था मिलाउनु आवश्यक छ।
- **क्षमता विकास र संस्थागत समन्वयः** लै.स.सा.स. सम्बन्धी संघीय कानुन र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको स्थानीयकरण गर्न गाउँपालिकाको 'मानव संसाधन विकास शाखा' मार्फत कर्मचारी तथा सरोकारवालाहरूको क्षमता विकास सम्बन्धी कार्ययोजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ। यसले आर्थिक तथा मानवीय गरिबी उन्मूलनमा समेत सकारात्मक योगदान पुऱ्याउनेछ।

## अनुसूचिहरू

### १. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यन्वय वार्षिक कार्ययोजना

| विषय | गर्नु पर्ने कार्य / क्रियाकलाप | समयावधि | पहलकर्ता / जिम्मेवार निकाय | आर्थिक दायित्व |
|---|---|---|---|---|
| १ तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन | * पालिकाभित्रका महिला, दलित, अपाङ्गता भएका व्यक्ति र अल्पसङ्ख्यकहरूको लैङ्गिक तथा सामाजिक रूपमा वर्गीकृत डिजिटल प्रोफाइल (Sex & Disaggregated Digital Profile) तयार गर्ने र सफ्टवेयर सञ्चालन गर्ने। | प्रथम त्रैमासिक | * योजना तथा सूचना प्रविधि शाखा<br>* सामाजिक विकास शाखा | पर्ने |
| २. स्वरोजगार, आयआर्जन तथा बजार व्यवस्थापन | * स्थानीय स्रोतमा आधारित व्यावसायिक सीपमूलक तालिम (जस्तैः कृषि प्रशोधन, हस्तकला, डिजिटल सीप) सञ्चालन गर्ने र उत्पादित सामग्री बिक्रीका लागि 'कोसेली घर' तथा बजार ग्यारेन्टी प्रणाली स्थापना गर्ने। | दोस्रो र तेस्रो त्रैमासिक | * उद्योग तथा सहकारी शाखा<br>* महिला तथा बालबालिका उपशाखा | पर्ने |
| ३. अनुगमन तथा मूल्याङ्कन | * योजना र विकास निर्माणका कार्यक्रमहरूमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण (GESI) सूचकहरू समेटिएका छन् कि छैनन् भनी जाँच्न 'GESI अनुगमन निर्देशिका' बनाई संयुक्त अनुगमन टोली परिचालन गर्ने। | वर्षैभरी (त्रैमासिक रूपमा) | * गाउँपालिका उपाध्यक्ष (अनुगमन समिति संयोजक)<br>* योजना शाखा | नपर्ने |
| ४. समन्वय र सम्बन्ध विस्तार | * लैङ्गिक समानता, अपाङ्गता र समावेशीकरणको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरू (NGOs), दातृ निकाय र नागरिक समाजसँग एकीकृत कार्यशाला आयोजना गरी संयुक्त लगानी र साझेदारी संयन्त्र निर्माण गर्ने। | प्रथम र दोस्रो त्रैमासिक | * प्रमुख प्रशासकीय अधिकृत<br>* सामाजिक विकास शाखा | पर्ने |
| ५. औपचारिक मूल्य, मान्यता र कुसंस्कार न्यूनीकरण | * समाजमा व्याप्त हानिकारक परम्परागत कुप्रथाहरू (जस्तैः बालविवाह, लैङ्गिक हिंसा, विभेद) विरुद्ध विद्यालय र समुदाय स्तरमा सचेतनामूलक अभियान तथा सडक नाटक सञ्चालन गर्ने। | दोस्रो त्रैमासिक | * सामाजिक विकास शाखा<br>* स्थानीय क्लब तथा विद्यालयहरू | पर्ने |
| ६. समिति, उपसमिति र पदाधिकारी प्रतिनिधित्व | * उपभोक्ता समिति, टोल विकास संस्था र विभिन्न उपसमितिहरू गठन गर्दा अनिवार्य रूपमा लक्षित वर्गको अर्थपूर्ण र निर्णायक प्रतिनिधित्व (कम्तीमा ३३% देखि ५०% सम्म) सुनिश्चित गर्न अभिमुखीकरण गर्ने। | वर्षैभरी (योजना सम्झौता अवधि) | * योजना शाखा<br>* वडा कार्यालयहरू | नपर्ने |
| ७. क्षमता विकास | * गाउँपालिकाका जनप्रतिनिधि र शाखा प्रमुखहरूका लागि 'लैङ्गिक | प्रथम | * प्रमुख प्रशासकीय अधिकृत | पर्ने |

| विषय | गर्नु पर्ने कार्य / क्रियाकलाप | समयावधि | पहलकर्ता / जिम्मेवार निकाय | आर्थिक दायित्व |
|---|---|---|---|---|
| | उत्तरदायी बजेटिङ (GRB) तथा जीईएसआई मूलप्रवाहीकरण' सम्बन्धी सघन अभिमुखीकरण तालिम सञ्चालन गर्ने। | त्रैमासिक | * सामाजिक विकास शाखा | |
| ८ वित्तीय पहुँच | * सीमान्तकृत र उद्यम गर्न चाहने महिलाहरूका लागि बिनाधितो वा सहुलियतपूर्ण ब्याजदरमा 'जेसी उद्यमशीलता कोष' खडा गरी बीउ पूँजी (Seed Money) परिचालन गर्ने। | दोस्रो त्रैमासिक | * प्रमुख प्रशासकीय अधिकृत<br>* बैंक तथा वित्तीय संस्थाहरू | पर्ने |
| ९. कानूनी तथा प्रविधि साक्षरता | * महिला, अपाङ्गता भएका व्यक्ति र दलित समुदायका लागि लक्षित गरी अनलाइन सेवा, बैंकिङ कारोबार र कानुनी अधिकार सम्बन्धी 'स्मार्ट डिजिटल तथा कानुनी साक्षरता' अभियान चलाउने | तेस्रो त्रैमासिक | * कानुनी सल्लाहकार / सामाजिक विकास शाखासूचना | पर्ने |

## २. आर्थिक वर्ष २०८१/०८२ मा सरूमारानी गाउँपालिकाको लै.स.सा.स.परीक्षणको नतिजाको विस्तृत विवरण

| सिनं | मूल बिषय | सहायक बिषय | अङ्क | सूचक नं | सूचक | सूचक को अङ्क | प्राप्त अङ्क | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अंक आउने अवस्था | प्रमाणीकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नीति, कानून, योजना २० | नीति र कानूनमा समावेशिता/ सहभागिता | ८ | १.१.१ | स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको बिषयवस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरे / नगरेको। | ०-१ | १ | स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको बिषयवस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरेको। | स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा, मस्यौदाको बिषयवस्तु र शब्द चयन आंशिक रूपमामात्र समावेशी र सहभागितामूलक हुने गरेको। | स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको बिषयवस्तु र समावेशी शब्द चयन र सहभागितामूलक हुने नगरेको। | स्वीकृत नीति तथा कानूनी दस्तावेजहरूस्वीकृतिको लागि प्रस्तुत गरेका मस्यौदा नीति तथा कानूनी दस्तावेजहरूसम्बन्धित निर्णय फाइलहरू |
